Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १९, अंक- १, २०८३ साल साउन ५ गते मंगलबार (July 21, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## जित्यो स्पेनले



**काठमाडौं–** साविक विजेता अर्जेन्टिनालाई पराजित गर्दै युरोपेली कप फुटबल च्याम्पियन स्पेनले १६ वर्षपछि फिफा विश्वकप २०२६ को उपाधि जितेको छ । स्पेनले यसअघि सन् २०१० मा विश्वकपको उपाधि हासिल गरेको थियो ।

अमेरिकाको न्युयोर्कस्थित न्युजर्सी स्टेडियममा भएको खेलको निर्धारित ९० मिनेटसम्म दुवै टोलीबाट गोल हुन नसकेपछि खेल अत्तिरिक्त समयमा धकेलिएको थियो ।

अत्तिरिक्त समयमा स्पेनका फेर्रान टोरेजले गोल गरे । उनले खेलको १०६औं मिनेटमा गोल गर्दै अर्जेन्टिनाविरुद्ध एक शून्यको अग्रता लिएका थिए । त्यसपछि खेलमा थप गोल हुन सकेन र स्पेनले अर्जेन्टिनामाथि एक शून्य गोलको जित हासिल गर्यो ।

खेलको निर्धारित ९० मिनेटको समयमा एन्जो फर्नान्डेजले दोहोरो पहेँलो कार्ड पाएपछि अर्जेन्टिना १० खेलाडीमा सीमित बनेको थियो । त्यसैको फाइदा उठाउँदै स्पेनले गोल गर्न सफल भयो ।

सेमिफाइनलमा अर्जेन्टिनाले इङ्गल्यान्डलाई २-१ ले गोलअन्तरले पराजित गर्दै विश्वकपको फाइनलयात्रा तय »बाकी ६ पृष्ठमा

## प्रधानमन्त्रीको लगानीकर्तालाई सुधारको आश्वासन



**काठमाडौं–** प्रधानमन्त्री बालेन शाहाले पुँजीबजारका लगानीकर्ताहरुलाई बाहिरको बाहिरको हल्लामा विश्वास गरेर लगानीको निर्णय नगर्न आग्रह गरेका छन् ।

धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, धितोपत्र ब्रोकर, संस्थागत लगानी तथा व्यक्तिगत लगानीकर्तासँग प्रधानमन्त्रीले आफ्नै कार्यकक्षमा बोलाएर छलफल गरेका हुन् ।

शाह प्रधानमन्त्री बनेदेखि धितोपत्र बजार निरन्तर घट्दो गति देखिएको थियो । पछिल्लो समयमा नेपाल स्टक एक्सचेन्ज परिसूचक पनि २९८२ सम्म पुगेको थियो । पछिल्लो समयमा घटेर २५०० को हाराहारीमा झरेको थियो ।

प्रधानमन्त्रीले छलफलका लागि बोलाएपछि बजारले सकारात्मक गति लिएको छ । सोमबार पनि नेप्से सूचक ४१ अंकले बढेको छ ।

सरोकारवालासँग प्रधानमन्त्रीले सेयर बजारप्रति सरकार सचेत रहेको र सरकार निजी क्षेत्रप्रति नकारात्मक नरहेको बताएको सहभागीको भनाइ छ । सेयर बजारको विकास तथा विस्तारका लागि सरकारले निरन्तर छलफल गरेको हुनाले लगानीकर्ताले मनोबल कमजोर बनाउनुपर्ने अवस्था नरहेको प्रधानमन्त्रीले आश्वासन दिएको उनीहरूले बताए । उनीहरूका अनुसार प्रधानमन्त्रीले पुँजीबजारले पनि रोजगारी सृजना गर्ने र राजश्वमा योगदान दिनेगरी काम गर्नपर्ने बताएका थिए ।

छलफलमा लगानीकर्ताको मनोबल उकास्ने, बजारमा आपूर्ति बढेको हुँदा माग पक्षलाई पनि बढाएर बजारलाई सन्तुलित बनाउने, करका विषयमा देखिएका »बाकी ६ पृष्ठमा

## कानुन सुधार तथा निर्माण वर्ष सफल बनाउन सबै मन्त्रालयसँग छलफल सुरु



काठमाडौं- सरकारले चालु आर्थिक वर्षलाई 'कानुन सुधार तथा निर्माण वर्ष' घोषणा गरेसँगै कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले लक्ष्य पूरा गर्न आवश्यक तयारी तीव्र बनाएको छ । मन्त्रालयले कानुन निर्माण प्रक्रियालाई प्रभावकारी बनाउन सोमबार सबै मन्त्रालयका कानुन शाखा तथा महाशाखा प्रमुखसँग छलफल सुरु गरेको हो ।

कानुनमन्त्री सोबिता गौतमको सचिवालयका अनुसार कानुन निर्माणको कामलाई नियमित, व्यवस्थित र समयमै सम्पन्न गर्न प्रत्येक महिनाको पहिलो सोमबार सम्बन्धित मन्त्रालयका कानुन शाखासँग समन्वयात्मक बैठक आयोजना गरिनेछ । यसबाट विधेयक तयारी, कानुनी राय तथा अन्तरमन्त्रालय समन्वयलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । मन्त्रालयका अनुसार चालु आर्थिक वर्षमा संघीय संसदमा प्रस्तुत गर्ने लक्ष्य राखिएका १६६ वटा विधेयक समयमै तयार गरी संसदमा उपलब्ध गराउने उद्देश्यले छलफल सुरु गरिएको हो । यी विधेयकको सूची यसअघि नै संघीय संसदमा बुझाइसकिएको मन्त्रालयले जनाएको छ ।

सरकारले विकास निर्माण र सेवा प्रवाहमा देखिएका कानुनी जटिलता हटाउँदै लगानी, सुशासन तथा सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउन आवश्यक कानुन निर्माण र संशोधनलाई प्राथमिकतामा राखेको छ । त्यसका लागि मन्त्रालयले कानुन सुधार तथा निर्माण वर्षलाई सफल बनाउन नौ बुँदे कार्ययोजनासमेत तयार पारिसकेको जनाएको छ ।

मन्त्रालयले कानुन निर्माण प्रक्रियामा ढिलाइ हुन नदिन सम्बन्धित मन्त्रालयबीच निरन्तर समन्वय, नियमित समीक्षा र आवश्यक सहकार्यलाई प्राथमिकता दिने बताएको छ । यसबाट संसदमा विधेयकको अभाव हुन नदिने र सरकारका नीतिगत तथा विकाससम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुनी आधार समयमै तयार हुने विश्वास गरिएको छ ।

सरकारले संसदमा 'बिजनेस' अर्थात् छलफलका लागि आवश्यक विधेयकको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै कानुन निर्माणलाई यस वर्षको प्रमुख प्राथमिकताका रूपमा अघि बढाएको छ । मन्त्रालयका अनुसार कानुन सुधारको अभियानले संघीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउनुका साथै विकास र सुशासनका लागि आवश्यक कानुनी वातावरण निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## विनियोजित बजेट आगामी फागुनसम्म खर्च गर्नुपर्ने



काठमाडौं- अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन नयाँ बजेट कार्यान्वयन मार्गदर्शन जारी गरेको छ । मार्गदर्शनअनुसार चालु आर्थिक वर्षका लागि विनियोजित बजेट आगामी फागुन मसान्तभित्र खर्च गरिसक्नुपर्ने व्यवस्था गरिएको छ । फागुनसम्म पनि खर्च हुन नसक्ने बजेट चैत १५ गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने उल्लेख गरिएको छ ।

मार्गदर्शनमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएका तथा स्वीकृत कार्यक्रमका आधारमा मात्रै सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बजेट निकासा गरिने व्यवस्था गरिएको छ । वार्षिक स्वीकृत कार्यक्रमका लागि छुट्याइएको बजेट फागुन मसान्तसम्म खर्च नभए वा बाँकी अवधिमा खर्च गर्न नसकिने अवस्था भए त्यस्तो रकम चैत १५ गतेभित्र अर्थ मन्त्रालयमा फिर्ता गर्नुपर्नेछ ।

एउटै आयोजना वा कार्यक्रम दोहोरिएर बजेटमा समावेश भएको पाइएमा एउटा कार्यक्रम मात्र कार्यान्वयन गरिने र दोहोरिएका कार्यक्रमको बजेट रोक्का गरी अर्थ मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था पनि मार्गदर्शनमा गरिएको छ । साथै, पूरक तथा विशेष अनुदानमार्फत प्रदेश वा स्थानीय तहमा सञ्चालन हुने आयोजनाका लागि आवश्यकताअनुसार बजेट »बाकी ६ पृष्ठमा

## संगीत, खेलकुद र चलचित्रलाई उद्योग भन्न मिल्छ कि मिल्दैन ?



काठमाडौं- श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई 'संगीत, खेलकुद र चलचित्रलाई उद्योग भन्न मिल्छ मिल्दैन ?' भनेर संसद सचिवालय लाई प्रश्न दर्ता गराएका छन् ।

प्रतिनिधि सभा नियमावली बमोजिम मौखिक उत्तरको लागि उनले संसद् सचिवालयमा 'उद्योग भन्नाले के-के लाई बुझाउँछ ?' उनको प्रश्न छ, 'संगीत, खेलकुद र चलचित्रलाई उद्योग भन्न मिल्छ मिल्दैन ?' भन्दै प्रश्न दर्ता गरेका हुन् ।

संगीत, खेलकुद र चलचित्रलाई उद्योग भन्न मिल्छ भने कति बजेट दिइएको छ भन्ने उनको प्रश्न रहेको छ । उनले सोधेका छन्, 'मिल्छ भने आर्थिक वर्ष २०८३/०८४ मा के कति यस क्षेत्रमा छुट्याइएको छ ?'

प्रतिनिधिसभा नियमावली अनुसार नेपाल सरकारको कार्यक्षेत्र एवं उत्तरदायित्वभित्रको सार्वजनिक महत्वको कुनै पनि विषयमा सांसदहरूले प्रश्न सोध्न सक्दछन् । सभामुखले अन्यथा आदेश दिएमा बाहेक प्रत्येक दिनको »बाकी ६ पृष्ठमा

## नेपाल औषधि लिमिटेडले दुई वर्षमा ३६ प्रकारका औषधि उत्पादन गर्ने



काठमाडौं- स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र नेपाल औषधि लिमिटेडबीच दुई वर्ष भित्र नेपाल औषधि लिमिटेडबाट ३६ प्रकारका अत्यावश्यक औषधि उत्पादनलाई सुदृढ बनाउने उद्देश्यका साथ समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

हाल नेपाल औषधि लिमिटेडबाट ११ प्रकारका अत्यावश्यक औषधि उत्पादन भइरहेको छ । नयाँ योजनाअन्तर्गत उच्च रक्तचाप, मधुमेह लगायत दीर्घरोगका औषधिसमेत स्वदेशमै उत्पादन गरिनेछ । यसका लागि आवश्यक अनुसन्धान तथा विकास, गुणस्तर परीक्षण, उत्पादन अनुमति तथा प्राविधिक तयारीलाई तीव्रता दिइने मन्त्रालयले जनाएको छ ।

समझदारीअनुसार कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गरिने तथा सरकारी स्वास्थ्य संस्थामा आवश्यक अत्यावश्यक औषधिको आपूर्तिमा »बाकी ६ पृष्ठमा

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- १,
२०८३ साल साउन ५ गते मंगलबार
21 JULY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# सरकारप्रति उठेको शंका सावधान गर ।

यतिवेला स्पष्ट बहुमत सहित सरकार छ । त्यसको नेतृत्व नेपालका प्रधानमन्त्री बालेन्द्र शाह वालेनले गर्दै आएका छन् । उनले २०७९ को निर्वाचनमा स्वतन्त्र उम्मेद्धारको रुपमा काठमाडौ महानगरपालिकामा गरेको नतिजामुखि कामले देश-विदेशमा चर्चा भएको थियो त्यही चर्चा र विश्वासको आधारमा अवको प्रधानमन्त्री बालेन्द्र शाह भनेर धेरै नेपालीहरूले भन्न थालेर जनताको आकांक्षा भएकै कारण २०८४ मा हुनुपर्ने निर्वाचन २०८२ मानै भयो महानगरको मेयर पदवाट राजिनामा दिएर संसदमा निर्वाचन जितेर बालेन्द्र शाह सदनमा पुगेर प्रधानमन्त्री भएका हुन् । अहिले सरकारले दिर्घकालीन रूपमा गर्न लागेका कामहरू जनताले थाहा पाएका छैनन् । तत्कालै लागुहुने करको दायरा र कर्मचारीको तलवभत्ता लगायत सार्वजनिक भएका विषयहरू मात्रै सार्वजनिक भएका छन् ।

त्यसकारण सरकारले के गर्दैछ । यो सरकार जनता र देशको पक्षमा छकी छैन । कतै नेपाली जनता र नेपाल देशको बिरूद्धपो काम गर्दै छैन ? भन्ने जस्ता थुप्रै खालका प्रश्नहरू उठ्न थालेका छन् । यि प्रश्न उठाउनेहरूले यथार्थमा बुझेर उठाएका प्रश्नहरू भने होइनन् । उनिहरूले केही आधार मानेर गरिएका आशंकाहरू हून् । यस्ता आशंकाहरूलाई प्रष्ट पार्नुपनि सरकारको दाईत्व हो । सरकारले सुकुम्बासीहरूको बास उठायो भनेर हल्ला गर्नेहरूले सुकुम्बासी नै भएका नागरिकको हकमा केही अफ्ठ्यारो भएपनि बषौदेखि खोलाको किनारमा अस्तव्यस्त रूपमा बस्दै आएका नागरिकलाई अर्को बिकल्प दिन सरकार प्रतिबद्ध छ भनेर सरकारले गरेको प्रयासलाई समाजमा सञ्चारमा नआउदा समस्या भईरहेको छ । सामाजिक सञ्जाल नेपालको सन्दर्भमा आजपनि विश्वसनीय भईसकेको छैन । यस्ता विषयमा पनि सरकारले प्रष्ट पार्नेगरी सरकारले सुकुम्बासीको लागी के के गर्दैछ । काम कति भयो कति समयसम्म सावधान गर्न सकिन्छे जस्ता विषयहरू सरोकारवालाहरूलाई विश्वसनीय सञ्चार माध्यमहरू मार्फत जानकारी दिदै लैजानुपर्छ ।

सरकारले नियत राम्रो राखेर काम गर्दै जादा कहिलेकाही आम मानिसमा प्रष्ट पार्दै लान सकिएन भने नागरिकहरूमा आशंका फैलाउने केही समूह विपक्षहरूले खेल्न सक्छन र पछि प्रष्ट्याउने समय खोज्दा समय ढिलो भईसकेको हुन्छ । त्यसकारण सरकारले गरेका र गर्न लागेका कामहरू जति सार्वजनिक गर्न मिल्ने जति सार्वजनिक गर्दै लैजानुपर्छ ।

समाजमा उठेका बिभिन्न खालका हल्ला आशंकाहरूलाई समयमानै सावधान गरेर लैजान सक्नुपर्छ । तव मात्र सरकारले सोचेजस्तो ढंगवाट आम जनताको विश्वास साथ समर्थन पाउछ र सोचेको लक्ष्यमा पुग्नलाई सजिलो हुन्छ । सरकारले देश र जनताको पक्षमा थालेको लक्ष्य प्राप्त भयो भने मात्रै उन्नति प्रगति हुन्छ । त्यसैले यो समाजमा सरकारप्रति बढ्दै गएको आशंकालाई हटाउने काम सरकारले चाडै गरोस् ।

# राजनीतिक दोवाटोमा राष्ट्रिय स्वतन्त्र पार्टी



■ डा.गिरी प्रसाद पन्थी,

### विश्व परिवेश

एक्काइसौँ शताब्दीको विश्व राजनीति गहिरो संरचनात्मक, आर्थिक तथा वैचारिक संक्रमणको चरणमा प्रवेश गरेको छ । बीसौँ शताब्दीमा विश्व राजनीतिको मूल आधार रहेका समाजवाद, पुँजीवाद, साम्यवाद तथा नवउदारवाद जस्ता कठोर वैचारिक ध्रृवीकरणहरू क्रमशः कमजोर हुँदै गएका छन् । वर्तमान समयमा विश्वभरि नै राजनीतिक विचारधाराबाट शासन गर्ने युगको अन्त्य र पोष्ट आइडियोलोजिकल चरणमा जन केन्द्रित शासन युगतर्फ प्रवेश गरिरहेको छ । शीतयुद्कालीन विश्वमा राजनीतिक दलहरूको वैधता समाजवाद र पुँजीवादबीचको वैचारिक प्रतिस्पर्धाबाट निर्धारण हुन्थ्यो । तर सोभियत संघको विघटनपछि उदाएको नवउदारवादी विश्व व्यवस्थाले अपेक्षित सामाजिक न्याय, आर्थिक समानता र संस्थागत विश्वास कायम गर्न सकेन । विश्वव्यापीकरण, डिजिटल क्रान्ति, जलवायु परिवर्तन, महामारी, आर्थिक असमानता तथा नागरिक चेतनाको अभूतपूर्व विस्तारले राज्य, बजार र समाजबीचको सम्बन्धलाई पुनर्परिभाषित गरिरहेका छन् । आज लोकतान्त्रिक शासनको वैधता विचारधारात्मक शुद्धतामा भन्दा कार्यसम्पादन, सार्वजनिक विश्वास, उत्तरदायित्व, समावेशिता र नागरिक सहभागितामा आधारित हुँदै गएको छ । पछिल्लो समयमा विश्व आर्थिक संकट, महामारी, जलवायु परिवर्तन, खाद्य तथा ऊर्जा संकट र डिजिटल असमानताले बजार-केन्द्रित शासन प्रणालीका कमजोरीहरुलाइ उजागर गरिदियो । कोभिड-१९को विश्व महामारीमा अत्यावस्यक अक्सिजन समेत नपाएर धेरै मानिसहरुको मृत्यु भएपछी पुजीबादी, बजारवादी विश्व व्यवस्थाको तिब्र आलोचना भयो ।

फलस्वरूप, विश्व पुनः उत्तरदायी राज्य, सुदृढ सार्वजनिक संस्था, मानवीय सहायता, सामाजिक सुरक्षा र नागरिक सहभागिताको महत्त्वतर्फ उन्मुख भएको छ। यही परिवर्तनलाई विश्व राजनीतिमा नयाँ राजनीतिक बदलाबको रूपमा बुझ्न सकिन्छ। त्यसैले आज लोकतान्त्रिक वैधताको मापन विचारधारात्मक शुद्धताबाट होइन, संस्थागत क्षमता, सार्वजनिक विश्वास, उत्तरदायित्व र नागरिकको जीवनमा आएको सकारात्मक परिवर्तनबाट गरिन थालेको छ । यस पृष्ठभूमिमा रास्वपाको राजनीतिक विचार दर्शन र नीति यही विश्वव्यापी प्रवृत्तिसँग सान्दर्भिक र समकालीन देखिन्छ ।

### नेपालको राजनीतिमा नयाा मोड

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको एक दशकपछि पनि संस्थागत कमजोरी, आर्थिक परनिर्भरता, भ्रष्टाचार, कमजोर सार्वजनिक सेवा प्रवाह तथा राज्यप्रतिको नागरिक विश्वासमा आएको क्षयीकरणले नयाँ राजनीतिक दृष्टिकोणको आवश्यकता महसुस गराएको हो । नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय, समावेशी लोकतन्त्र र समाजवाद-उन्मुख अर्थतन्त्रको स्पष्ट परिकल्पना गरेको छ । नेपालको अर्थतन्त्र अझै पनि रेमिट्यान्समा निर्भर छ, औद्योगिकीकरण कमजोर छ, कृषि उत्पादकत्व न्यून छ र युवाहरूको ठूलो हिस्सा रोजगारीका लागि विदेशिन बाध्य छ ।

नेपालका परम्परागत राजनीतिक दलहरूमा व्यक्तिकेन्द्रित नेतृत्व, संरक्षणवादी संस्कार, कमजोर आन्तरिक लोकतन्त्र तथा विचार र व्यवहारबीचको अन्तरले राजनीतिक प्रणालीप्रति नागरिक असन्तुष्टि बढाएको हो । नेपालको वर्तमान संकट मूलतः विचारधारात्मक नभई संस्थागत र व्यवस्थापकीय संकट हो । देशलाई अहिले नयाँ नारा वा नयाँ वैचारिक ध्रृवीकरणभन्दा बढी उत्तरदायी संस्था, परिणाममुखी शासन, डिजिटल रूपान्तरण र नागरिक-केन्द्रित लोकतान्त्रिक अभ्यासको आवश्यकता छ । रास्वपाको उदयलाई परम्परागत दलहरूप्रतिको असन्तुष्टि वा क्षणिक राजनीतिक घटनाको रूपमा बुझ्नु पर्याप्त हुँदैन । यसको उदय नेपालमा नयाँ राजनीतिक मोडको खोजीसँग जोडिएको छ । विश्वभरका लोकतन्त्रहरू अहिले आइडियोलोजीबाट निर्देशित नभई सरकारको कार्यसम्पादन आफ्ना मान्छेको संरक्षण भन्दा सार्वजनिक उत्तरदायित्व, कार्यकर्तामा आधारित राजनीतिक परिचालनबाट नागरिक सहभागिता तथा कागजी शासनबाट डिजिटल शुसासन तर्फ उन्मुख भइरहेका छन् । नेपालका युवाहरू, मध्यम वर्ग, पेशागत समुदाय तथा विश्वसँग जोडिएको नयाँ पुस्ताले पनि यस्तै परिवर्तनको अपेक्षा गरिरहेका छन् ।

रास्वपाको राजनीतिक दर्शनले नागरिकलाई मतदाता वा पार्टी कार्यकर्ताको रूपमा मात्र नभई सार्वजनिक नीतिका सह-निर्माताका रूपमा हेर्ने दृष्टिकोण प्रस्तुत गर्दछ । यसले शासनलाई राजनीतिक शक्ति प्राप्तिको साधन मात्र नभई सार्वजनिक विश्वास निर्माण, संस्थागत सुधार र सामाजिक रूपान्तरणको माध्यमका रूपमा बुझ्छ । यस अर्थमा रास्वपाको उदय राजनीतिमा प्रतिमान उदयको नेपाली अभिव्यक्ति हो, जसले लोकतन्त्रलाई जनउत्तरदायी, सहभागीमूलक र परिणाममुखी बनाउने संकल्प बोकेको छ ।

### रास्वपाको दार्शनिक र बैचारिक आधार

रास्वपाको विधान २०७९ (तेश्रो संसोधन २०८१) र पार्टीको चिनारी पुस्तिकामा उल्लेख भए अनुसार यसको दर्शन, निर्देशक सिद्धान्त,उदेश्य र पतिबद्धताहरु संविधानमा परिकल्पना गरिएको समाजवाद हासिल गर्नँ रहेको पाईन्छ पार्टीको मूल दर्शन सामाजिक न्याय र समान अवसरमा आधारित छ । विधानले समाजवादलाई शान्तिपूर्ण, लोकतान्त्रिक मार्गबाट प्राप्त गर्ने लक्ष्य राख्छ भने चिनारीले समावेशी समाज, सुशासन, र न्यायपूर्ण वितरण प्रणालीलाई प्राथमिकता दिन्छ । यसैलाई आधार मानेर पार्टीले संविधानमा उल्लेखित समाजवादलाई व्यवहारमा उतार्ने प्रतिबद्धता लिएको छ, जसले समावेशी, दिगो र समृद्ध समाज निर्माणको आधार तयार गर्छ। सैधान्तिकरुपमा रास्वपाको राजनीतिक विचार र पार्टीले लिएका नीतिहरुलाइ सहभागितामूलक लोकतान्त्रिक व्यवहारवादको रूपमा व्याख्या गर्न सकिन्छ । यस अवधारणाको केन्द्रमा नागरिकलाई निष्क्रिय मतदाताको रूपमा होइन, शासन प्रक्रियाको सक्रिय साझेदारका रूपमा स्वीकार गर्ने दृष्टिकोण रहेको छ। यसले विचारधारात्मक कट्टरता र दलीय निहीत स्वार्थका लागि नेपालमा हुने गरेका राजनीतिक गठबन्धन माथि उठेर सार्वजनिक समस्याको व्यवहारिक समाधान, संस्थागत सुधार, पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागितालाई प्राथमिकता दिन्छ । सहभागितामूलक लोकतान्त्रिक व्यवहारवादले विधिको शासन, भ्रष्टाचारप्रति शून्य सहनशीलता, योग्यता-आधारित नेतृत्व, डिजिटल शासन, सामाजिक न्याय र नवप्रवर्तनशील अर्थतन्त्रलाई लोकतान्त्रिक सुशासनका आधारका रूपमा स्वीकार गर्दछ। लोकतन्त्रको सफलताको मापन राजनीतिक घोषणापत्रबाट होइन, नागरिकको जीवनमा आएको गुणात्मक परिवर्तन, सार्वजनिक संस्थामाथिको विश्वास र सेवा प्रवाहको प्रभावकारिताबाट गरिनुपर्छ भन्ने मान्यता यसको केन्द्रमा रहेको छ। यस अर्थमा यो अवधारणा विचारधाराभन्द परको राजनीति भएपनि नैतिकतामा आधारित, जनकेन्द्रित शासन र परिणाममुखी विकास सहितको राजनीतिक दर्शनको प्रतिनिधित्व गर्दछ । जुन कुरा रास्वपाले थिति बसाल्ने संकल्पक साथ २०८२ को आम निर्बाचनमा वाचापत्रमा सार्वजनिक गरेको नागरिक करार हस्ताक्षरित वाचापत्रमा स्पस्टसँग उल्लेख गरेको छ।

### राजनीतिक-आर्थिक नीति

विस्वका धेरै देशमा राज्य, निजि क्षेत्र र नागरिक समाज बीच सन्तुलन कायम नहुदा वा एक पक्ष हाबी हुँदा राज्य व्यवस्था नै धारासाही भएका छन् विश्व अनुभवबाट के देखिन्छ भने न त केवल राज्यको नियन्त्रणले विकास सम्भव भएको छ, न त पूर्ण मुक्त बजारले सामाजिक न्याय सुनिश्चित गर्न सकेको छ । अमेरिकी राजनीतिक अर्थशास्त्री एलिनोर ओस्ट्रोमको पोलीसेन्ट्रिक गभर्नन्स अवधारणाले सार्वजनिक समस्याहरूको समाधान बहु-अभिनेताबीचको सहकार्यबाट सम्भव हुने तर्क प्रस्तुत गर्दछ। यही सैद्धान्तिक आधारमा रास्वपाको दृष्टिकोणलाई सार्वजनिक-निजी-नागरिक समाज इक्विलिब्रियम मोडलको रूपमा व्याख्या गर्न सकिन्छ । यस सन्दर्भमा रास्वपाले राज्यलाई नियामक सहजकर्ता, सामाजिक संरक्षक र अवसरको समानता सुनिश्चित गर्ने शासकीय संस्थाका रूपमा हेर्दछ। राज्यलाई नीति निर्माण, न्याय, नियमन तथा सामाजिक सुरक्षाको संरक्षकका रूपमा परिकल्पना गरिएको छ । निजी क्षेत्रलाई उत्पादन, लगानी, उद्यमशीलता र नवप्रवर्तनको प्रमुख वाहकका रूपमा हेरिएको छ। नागरिक समाजलाई सामाजिक उत्तरदायित्व, सार्वजनिक निगरानी र लोकतान्त्रिक चेतनाको संवाहकका रूपमा स्वीकार गरिएको छ । यी तीनवटाबीचको सन्तुलित सहकार्यले मात्र दिगो विकास, सामाजिक विश्वास र प्रभावकारी सुशासन सम्भव हुन्छ। नेपालका लागि सहकार्य शासन र त्रिपक्षीय सन्तुलनमा आधारित विकास दृष्टिकोण एक व्यवहारिक र दूरदर्शी राजनीतिक विकल्प हुन सक्छ। त्यसै गरि निजी क्षेत्रलाई विकास र रोजगारी सिर्जनाको प्रमुख इन्जिनका रूपमा स्वीकार गर्दछ, तर बजारलाई पूर्ण स्वतन्त्र र अनियन्त्रित छोडीदैन। नर्डिक वेलफेयर स्टेटको सामाजिक सुरक्षा, इस्ट एसियन डेभलपमेन्टल स्टेटको उत्पादनमुखी राज्य क्षमता र डिजिटल इकोनोमीको नवप्रवर्तनशील दृष्टिकोणलाई नेपाली यथार्थमा अनुकूलन गर्ने प्रयास नै प्रगतिशील नेपाली उदारवादको मूल सार हो। यस अर्थमा रास्वपाको आर्थिक तथा राजनीतिक दृष्टिकोणलाई लोकतान्त्रिक व्यवहारवाद र प्रगतिशील नेपाली उदारवाद"को रूपमा परिभाषित गर्न सकिन्छ। यो न त परम्परागत समाजवादी राज्यवाद हो, न त अनियन्त्रित नवउदारवादी बजार अर्थतन्त्रको प्रतिरूप हो । बरु, यो नेपाली समाजको ऐतिहासिक, सामाजिक, आर्थिक र सांस्कृतिक यथार्थबाट विकसित एक मिश्रित तथा व्यवहारिक राजनीतिक-आर्थिक दर्शन हो, जसले व्यक्तिगत स्वतन्त्रता, आर्थिक उद्यमशीलता, सामाजिक न्याय, समावेशी विकास र उत्तरदायी राज्यबीच सन्तुलन कायम गर्ने प्रयास गर्दछ।

**चित्र १- सार्बजनिक, निजि र बहुल समाज बीचको सन्तुलन**




**श्रोत: लेखक**

प्रस्तुत मोडेल अनुसार कुल ग्रहास्थ उत्पादनले आर्थिक गतिविधिको मापन गरे पनि विकासको गुणस्तरको पूर्ण चित्र प्रस्तुत गर्न सक्दैन । उच्च आर्थिक वृद्धि भएका मुलुकहरूमा पनि सामाजिक असमानता, कमजोर सुशासन, पर्यावरणीय संकट र सार्वजनिक अविश्वास देखिन सक्छ। त्यसैले आज विकासलाई बहुआयामिक रूपमा मापन गर्ने आवश्यकता झन् बढेको छ । इक्विलिब्रियम मोडेल ले आर्थिक उत्पादकत्व, सुशासन, सामाजिक समावेशिता, डिजिटल पहुँच, संस्थागत क्षमता, पर्यावरणीय दिगोपन, सार्वजनिक सेवा प्रवाह र नागरिक सन्तुष्टिलाई एकीकृत रूपमा मापन गर्ने दृष्टिकोण प्रस्तुत गर्दछ । विकासको वास्तविक उद्देश्य नागरिकको जीवनमा आएको गुणात्मक परिवर्तन, अवसरको समानता र सार्वजनिक संस्थाप्रतिको विश्वास निर्माण हो भन्ने मान्यता यस अवधारणाको केन्द्रमा रहेको छ । नेपालको विकास योजनामा यस्ता बहुआयामिक सूचकहरूको प्रयोगले तथ्यमा आधारित शासन र नीति निर्माणलाई संस्थागत बनाउन मद्दत गर्न सक्छ। एन्थोनी गिडेन्स (१९९८) ले प्रस्ताव गरेको द थर्ड वेले राज्य र बजारलाई विरोधी नभई सह-उत्पादकका रूपमा व्याख्या गर्दछ। अमर्त्य सेन (१९९९)ले विकासलाई आय वृद्धिको विषयभन्दा पनि स्वतन्त्रता र मानव क्षमताको विस्तारको प्रक्रियाका रूपमा परिभाषित गरेका छन् ।

### लोकतन्त्रको नयाँ सामाजिक सम्झौता नागरिक करार

नेपालको लोकतान्त्रिक अभ्यासमा प्रतिनिधित्व र उत्तरदायित्वबीचको दूरी क्रमशः बढ्दै गएको पाइन्छ । निर्वाचनका समयमा गरिएका प्रतिबद्धता र निर्वाचनपछिको कार्यसम्पादनबीचको अन्तरले नागरिकको राजनीतिक प्रणालीप्रतिको विश्वास कमजोर बनाएको छ । यही सन्दर्भमा रास्वपाले प्रस्तुत गरेको नागरिक करार वा वाचापत्र नेपालको लोकतान्त्रिक अभ्यासमा एक नवीन र सान्दर्भिक अवधारणा हो । यसले नागरिकको मतलाई एकपटकको राजनीतिक समर्थनका रूपमा नभई सार्वजनिक विश्वासको लगानीका रूपमा व्याख्या गर्दछ । नागरिक करारको मूल दर्शन चुनाव-केन्द्रित लोकतन्त्रलाई निरन्तर संवाद, सार्वजनिक उत्तरदायित्व र साझेदारीमा आधारित सहभागी लोकतन्त्रमा रूपान्तरण गर्नँ हो । यसले मापनयोग्य प्रतिबद्धता, नियमित सार्वजनिक प्रतिवेदन, खुला संवाद, नागरिक निगरानी र असफलतामा राजनीतिक उत्तरदायित्व स्वीकार गर्ने संस्कृतिलाई प्रोत्साहित गर्दछ । यस प्रकारको सामाजिक सम्झौताले राजनीतिक नेतृत्व र नागरिकबीचको विश्वास पुनर्स्थापित गर्न, पारदर्शिता बढाउन तथा लोकतन्त्रलाई प्रक्रियागतभन्दा परिणाममुखी बनाउने सम्भावना राख्दछ ।

### डिजिटल शासन र आधुनिक राज्यमा रूपान्तरण

डिजिटल प्रविधिको विस्तारले राज्य सञ्चालनको स्वरूपलाई विश्वव्यापी रूपमा परिवर्तन गरिरहेको छ । आजका नागरिकहरू छिटो, पारदर्शी, सुलभ र उत्तरदायी सार्वजनिक सेवाको अपेक्षा गर्दछन्। तर नेपालको सार्वजनिक प्रशासन अझै पनि कागजी प्रक्रिया, प्रशासनिक जटिलता र प्रत्यक्ष सम्पर्कमा आधारित सेवाप्रणालीबाट पूर्ण रूपमा मुक्त हुन सकेको छैन। यसले भ्रष्टाचार, अपारदर्शिता र नागरिक असन्तुष्टि बढाएको छ । रास्वपाको अनलाइन नट लाइन र फेसलेस शासनको अवधारणाले डिजिटल प्रविधिलाई राज्य र नागरिक सम्बन्धको पुनसंरचनाका रूपमा बुझ्दछ। डिजिटल शासनले सेवा प्रवाहलाई स्वचालित, पारदर्शी र समय तालिकाबद्ध बनाउन, भ्रष्टाचारका अवसर कम गर्न, सार्वजनिक खर्च घटाउन तथा भौगोलिक रूपमा दुर्गम समुदायलाई पनि राज्यका सेवासँग जोडर पहुच वृद्धि हुन्छ । नेपालको संघीय शासन प्रणालीलाई प्रभावकारी र नागरिक-मैत्री बनाउन डिजिटल रूपान्तरण अब अपरिहार्य आवश्यकता बनिसकेको छ ।

### निष्कर्षः समृद्ध, समावेशी र आत्मनिर्भर नेपालकोलागि बलियो रास्वपा

कुनै पनि राजनीतिक दलको विश्वसनीयता तत्कालीन राजनीतिक मुद्दामा मात्र सीमित हुँदैन उसको दीर्घकालीन राष्ट्रिय दृष्टिकोणले पनि त्यसको वैचारिक परिपक्वता निर्धारण गर्दछ । यस दृष्टिले रास्वपाको लाई नेपालको समृद्धि, समावेशिता र आत्मनिर्भरताको दीर्घकालीन मार्गचित्रका रूपमा बुझ्न सकिन्छ । यस दृष्टिकोणको केन्द्रमा उत्पादनमुखी अर्थतन्त्र, ज्ञान-आधारित समाज, नवप्रवर्तनशील युवा, डिजिटल शासन, हरित ऊर्जा, गुणस्तरीय शिक्षा तथा सामाजिक न्यायमा आधारित समावेशी विकास रहेको छ। नेपालको जनसांख्यिकीय लाभांश, जलस्रोत, जैविक विविधता, पर्यटन सम्भावना तथा भूराजनीतिक अवस्थिति जस्ता अवसरहरूलाई रणनीतिक रूपमा उपयोग गर्न सकेमा आगामी दुई दशकमा देशलाई गुणात्मक आर्थिक रूपान्तरणतर्फ लैजान सकिन्छ। रास्वपाले भ्रष्टाचारप्रति शून्य सहनशीलता, हरित ऊर्जा निर्यात, अनुसन्धान, नवप्रवर्तनमा लगानी, उद्यमशील युवा निर्माण तथा नागरिक-केन्द्रित सार्वजनिक सेवामार्फत नेपालको दिगो र समावेशी विकासको परिकल्पना गर्दछ र यो उत्तरदायी लोकतान्त्रिक राज्य निर्माणको दीर्घकालीन दृष्टि हो ।नेपाल अहिले राजनीतिक संक्रमणको अर्को निर्णायक मोडमा उभिएको छ। नेपालमा २०८२ भाद्रमा भएको एतिहासिक नवयुवा आन्दोलन, बर्तमान पार्टी नेतृत्व, पार्टी सभापति रबि लामिछानेको सफल नेतृत्व, रास्वापामा देश बननाउने उत्कट अभिलाषा बोकेका युवा राजनीतिज्ञ बालेन्द्र शाहको आगमन र पार्टीले २०८२ को निर्बाचनमा हासिल गरको अभुतपूर्व जनादेश मुलुक रुपान्तरण लागि सुनौलो अवसरको रुपमा प्राप्त भएको छ। परम्परागत दलहरूको वैचारिक जडता, संस्थागत कमजोरी, आर्थिक परनिर्भरता, युवा पलायन र राज्यप्रतिको नागरिक अविश्वासले नयाँ राजनीतिक अध्यायको आवश्यकता झनै स्पष्ट बनाएको छ । विश्व राजनीति पनि विचारधारात्मक ध्रृवीकरणबाट परिणाममुखी, नागरिक-केन्द्रित र उत्तरदायी शासनतर्फ उन्मुख भइरहेको छ। यस सन्दर्भमा रास्वपाको राजनीतिक विचार, दर्शन र अभ्यास नेपालमा नयाँ शासन संस्कृति, नयाँ सामाजिक सम्झौता र लोकतान्त्रिक पुनर्जागरणको सम्भावित आधार हो । पार्टी नेतृत्वले नैतिकता साथ प्रतिस्पर्धाभन्दा सहकार्य, घोषणाभन्दा परिणाम र शक्तिभन्दा उत्तरदायित्वलाई केन्द्रमा राख्नेर राजनीतिक अभ्यास, सार्वजनिक नीति र राजनीतिक संस्कृतिमा रूपान्तरण गर्न सकियो भने नेपालमा समावेशी, उत्तरदायी, उत्पादनमुखी र नागरिक-केन्द्रित लोकतन्त्रको नयाँ युग प्रारम्भ हुन सक्छ । त्यस अवस्थामा राष्ट्रिय स्वतन्त्र पार्टी नेपालको लोकतान्त्रिक पुनर्जागरण र नेपालको राजनीतिमा नयाँ मोडको प्रमुख संवाहकका रूपमा इतिहासमा स्थापित हुन सक्ने कुरामा बिस्वस्त हुन् सकिन्छ। पार्टी स्थापनको चौथो वर्षमा आफ्नो प्रथम महाधिबेशन गरि रहदा पार्टीको दर्शन, विचार, नीति र नागरिक करारमा गरेका बाचाहरु बारे सबै पार्टी पंक्तिलाइ प्रशिक्षण दिनु अति आबस्यक देखिन्छ ।

सन्दर्भ सामग्रीहरु: Giddens (१९९८), Sen (१९९९), Ostrom ( २०१०), OECD (२०२३), World Bank (२०२४), IMF (२०२४), Transparancy International (२०२५), तथा राष्ट्रिय स्वतन्त्र पार्टीका आधिकारिक दस्तावेजहरू ।

लेखक (डा. गिरी प्रसाद पन्थी, पीएचडी, समाजशास्त्र संयुक्त राष्ट्र संघ सेवामा म्यानमार र नेपालमा करिब दुई दशक काम गरेका विकास योजना एबम कुटनीतिबिज्ञ डा. पन्थी हाल स्वतन्त्र अध्ययन र अनुषन्धानमा क्रियाशील हुनुको साथै हाल राष्ट्रिय स्वतन्त्र पार्टीको नीति तथा विचार केन्द्रीय विभाग मा आबद्ध हुनु हुन्छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP





*पछिल्लो समय उच्च शिक्षाका लागि नेपाली विद्यार्थीहरु विदेश जानु नौलो विषय हैन । कक्षा १२ वा प्लस टू गरेसँगै विश्वका प्रतिष्ठित कलेज र विश्वविद्यालयमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरुको लामो जमात छ । डेढ दशक अघिसम्म सिमित सम्भ्रान्त वर्गहरुका छोराछोरी मात्र विदेश अध्ययन गर्न जान्थे भने अहिले सामान्य मध्यम वर्गका छोराछोरी पनि उच्च शिक्षाकै लागि विदेश गएको १५ वर्षदेखि शैक्षिक परामर्श क्षेत्रमा सक्रिय क्याम्ब्रिज एजुकेशन कन्सल्टेन्सीका संस्थापक शिशिर सिंखडा बताउनु हुन्छ । सिंखडाकै दावी अनुसार उच्च शिक्षाका लागि जो विद्यार्थी विदेश गएका छन् अधिकांश सफल भएका छन् । तथापि, शैक्षिक परामर्श व्यवसायीलाई दक्ष युवा जनशक्ति पलायन गराएको आरोप पनि छ । तर, उहाँ यो आरोपको ठाडै खण्डन गर्नुहुन्छ । नेपाली विद्यार्थी किन विदेशिइरहेका छन् ? के नेपालमा गुणस्तरीय शिक्षा छैन ?, विदेशमा उच्च शिक्षा हासिल गर्दा के पाइन्छ ?,कस्ता विद्यार्थीहरु विदेश अध्ययनका लागि योग्य हुन्छन् ?, विदेश जानुपूर्व के ध्यान दिने ? लगायका सवालमा उहाँसँग गरिएको कुराकानीको संक्षेप:*

# विद्यार्थीहरूको भविष्य निर्माणमा सहयात्री बन्नु हाम्रो उद्धेश्य हो

## शिशिर सिंखडा

**डेढ दशकदेखि शैक्षिक परामर्श क्षेत्रमा काम गरेको अनुभव छ, नेपाली विद्यार्थीहरु किन विदेशिइरहेका हुन् ?**

सर्वप्रथम त म तपाईंले जसरी नेपाली विद्यार्थीहरु विदेशिए भन्ने दृष्टिकोणमा जुन प्रश्न गर्नुभयो त्यसलाई खारेज गर्दछु । किनभने, मेरो डेढ दशकको अनुभवले भन्छ उच्च शिक्षा हासिल गर्ने सोच लिएर जो विद्यार्थीहरु बाहिर गइरहेका छन् उनीहरु विदेशिएका हैनन् । पलाएन भएका हैनन् । विदेशिनु र ज्ञान आर्जन गर्न जानु नितान्त फरक कुरा हो । विदेशिनु भनेको आफ्नो राष्ट्रियता र स्वाभिमानलाई नै तिलाञ्जली दिएर जानु हो । आजसम्म जति नेपाली विद्यार्थीहरु विदेश गएका छन् उनीहरुले विदेशमा प्राप्त गरेको सफलता, ज्ञान र सीपलाई नेपाल र नेपालीकै परिचय दिएका छन् । त्यति मात्र हैन उनीहरुले विदेशमा प्राप्त गरेको ज्ञान, सीप र अनुभवलाई स्वदेश फर्किएर पनि उपयोग गरेकोले अध्ययनका लागि विदेश गएका युवाहरुलाई विदेशिएर भन्नु सहि हैन ।

**नेपाली विद्यार्थीहरु किन विदेश जाने ?**

सबैभन्दा पहिले जो विद्यार्थी विदेश जान खोजिरहेको छ उसले आफन्त वा बाबुआमाको करमा जाने कि ?, साथीभाईको लहलहै र देखासिकीमा जाने कि ? वा आफ्नै रहर र इच्छाशक्तिमा जाने ? त्यो क्लिएर हुन जरुरी छ । रहर, कर र देखासिकीमा गएको विद्यार्थीले कहिल्लै सफलता प्राप्त गर्न सक्दैन । त्यसकारण विदेश जान कुनै लहड र देखासिकी गर्नुहुन्न । फरक भूगोल, फरक परिवेश, फरक भाषा संस्कार र संस्कृतिमा रहेर अध्ययन गर्नु नेपालमा बाबुआमाको काखमा बसेर घुर्काई घुर्काई खाएर पढेको जस्तो हुँदैन । विदेशी भूमिमा प्रत्येक पाइला संघर्ष गर्न सक्नुपर्छ । जसले विदेशी भूमिमा संघर्षको भट्टीमा पग्लिएर आफूलाई निखार्न सक्छ त्यो विद्यार्थी जीवनमा जस्तोसूकै कठिन परिस्थितीबाट उत्रन सक्छ । किनभने, विदेशमा ज्ञान, सीपको अथाह खानी छ । त्यसलाई प्राप्त गर्न पनि विदेश जानुपर्छ ।

**कस्ता विद्यार्थी विदेश जान सक्षम हुन्छन् ?**

निकै महत्वपूर्ण प्रश्न गर्नुभयो । मैले माथि नै भनिसके अरुको इच्छा र अरुको देखासिकीमा विदेश जानु भनेको आफ्नो भविष्यसँगै आफुसँग जोडिएर आउने आमाबुबा तथा परिवारको सपनाको मलामी गए सरह हो । तर, जसले विदेश गएर उच्च शिक्षा हासिल गर्छु, आफ्नो भविष्य सुधार्छु, हातमा सीप र विश्वब्यापी डिग्री ल्याउँछु भन्ने संकल्पका साथ अगाडी बढेको हुन्छ त्यो विद्यार्थी विदेश अध्ययन गर्न सक्षम हुन्छ । अब एकेडेमिक र फाइनान्सियलको कुरा गर्नुपर्दा विदेश अध्ययन गर्ने सोच बनाउने विद्यार्थीले कक्षा १२ वा सो सरहको तह राम्रो जिपिए सहित उत्तीर्ण गरेको हुनुपर्छ । आइएलटीएस वा पिटिइमा न्यूनतम ६.५ तथा ७ सम्मको स्कोर ल्याउनुपर्छ, यद्यपि विश्वविद्यालय र कोर्सअनुसार यो फरक हुन सक्छ । मेहनती, अनुशासित र अध्ययनप्रति प्रतिबद्ध त हुनै पर्यो । आर्थिक पक्ष पनि महत्वपूर्ण हुन्छ । जाने देश र विश्वविद्यालयको शुल्क तिर्न सक्ने आर्थिक क्षमता भएका तथा अभिभावकको स्पष्ट र प्रमाणित आयस्रोत भएका विद्यार्थीहरु विदेश अध्ययनका लागि जान योग्य हुन्छन् ।

**विदेशमा अध्ययन गर्दा नेपाली विद्यार्थीलाई छात्रवृत्तिको अवसर कति उपलब्ध हुन्छ ?**

विद्यार्थीको शैक्षिक योग्यता र आइलटीएस वा पिटिईको स्कोरका आधारमा १५ प्रतिशत देखि ५० प्रतिशतसम्म विश्वविद्यालय र कलेजबाट छात्रवृत्ति प्राप्त गर्न सकिन्छ । राम्रो जिपिए र भाषा परीक्षाको उत्कृष्ट नतिजाका आधारमा उल्लेखनीय छात्रवृत्ति पाएका प्रसस्त उदाहरणहरू छन् । त्यसैले हामी विद्यार्थीलाई सुरुदेखि नै राम्रो तयारी गर्न प्रोत्साहित गर्छौं । साधारणतः कक्षा १२ पास गरिसकेपछि विद्यार्थीहरु विदेश अध्ययन गर्न योग्य हुन्छन् । यसवाहेक स्नातक पछि स्नातकोत्तर र पिएचडी गर्ने सोच बनाएका विद्यार्थीहरु पनि योग्य हुन्छन् ।

**केही व्यक्तिहरू विदेश अध्ययनलाई 'ब्रेन ड्रेन' अर्थात् प्रतिभा पलायनको रूपमा व्याख्या गर्छन् । तपाईंको दृष्टिकोण के छ ?**

म विदेश अध्ययनलाई केवल 'ब्रेन ड्रेन' भनेर हेर्नु उचित ठान्दिनँ । विदेश अध्ययन ज्ञान, सीप, प्रविधि र अन्तर्राष्ट्रिय अनुभव प्राप्त गर्ने अवसर हो । विश्वका विकसित राष्ट्रहरूले पनि आफ्नो जनशक्तिलाई विदेश पठाएर नयाँ ज्ञान र प्रविधि सिकाएका छन् । उदाहरणका लागि हाम्रै छिमेकी मुलूक चीनले कुनै समय हजारौं विद्यार्थीलाई विदेश पठाएर विज्ञान, प्रविधि र इन्जिनियरिङमा दक्ष जनशक्ति उत्पादन गर्यो । उनीहरूले विदेशमा सिकेको ज्ञान स्वदेश फर्किएर प्रयोग गरेकैले आज चीन विश्वकै शक्तिशाली र समृद्धशशाली देश बनेको हो । विगतमा उच्च शिक्षाका लागि विदेश गएका विद्यार्थीहरु त्यहाँ मात्र सफल भइरहेका छैनन्, त्यहाँ आर्जन गरेको ज्ञान र सीप र अनुभवलाई नेपालमा प्रयोग गरेर राष्ट्र निर्माणमा योगदान गरेका प्रसस्त उदाहरणहरु छन् । तसर्थ, उच्च शिक्षा हासिल गर्न विदेश गएका विद्यार्थीहरुलाई 'ब्रेन ड्रेन'का रुपमा हेरिनुहुन्न ।

**विदेश जानुअघि विद्यार्थीले के–कस्ता तयारी गर्नुपर्छ ?**

विदेश जाने सोच बनाउने बित्तिकै आवेदन प्रक्रिया मात्र पर्याप्त हुँदैन । विद्यार्थीले आफ्नो कम्युनिकेशन स्किल विकास गर्नुपर्छ । साथै बारिष्टा, ड्राइभिङ, बेकरी, हेयरकटिङ जस्ता व्यवसायिक सीप सिकेमा अध्ययन गर्दागर्दै त्यहाँको नियम अनुसार पार्ट–टाइम काम पाउन सहज हुन्छ । आजको प्रतिस्पर्धी विश्वमा केवल शैक्षिक प्रमाणपत्रले मात्र सफलता सुनिश्चित गर्दैन, व्यवहारिक सीप पनि उत्तिकै चाहिन्छ ।

**विदेश पुगेपछि विद्यार्थीहरूले कस्ता चुनौती सामना गर्छन् ?**

विदेशी भूमिमा संघर्ष सजिलो हुँदैन । नयाँ वातावरण, नयाँ संस्कृति, नयाँ कानुन र नयाँ जीवनशैलीसँग घुलमिल हुन समय लाग्छ । आर्थिक व्यवस्थापन, अध्ययनको दबाब र एक्लोपनाका कारण मानसिक चुनौतीहरू पनि आउन सक्छन् । त्यसैले विदेश जानुअघि मानसिक रूपमा पनि तयार हुन आवश्यक छ । जसले समयको मूल्य बुझ्छ, मेहनत गर्छ र आफ्नो लक्ष्यमा केन्द्रित रहन्छ, ऊ सफल हुन्छ ।

**उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीहरूका लागि क्याम्ब्रिज किन फरक र विश्वसनीय मानिन्छ ?**

क्याम्ब्रिज विगत १५ वर्षदेखि नेपाली विद्यार्थीहरूलाई विदेश अध्ययनका लागि शैक्षिक परामर्श प्रदान गर्दै आएको नेपाल सरकारद्वारा मान्यता प्राप्त संस्था हो । हामीले सधैं विद्यार्थीलाई सत्य, तथ्य र यथार्थमा आधारित परामर्श दिने नीति अपनाएका छौं । आजको समयमा धेरै विद्यार्थी र अभिभावक सही जानकारीको खोजीमा हुनुहुन्छ । हामी विद्यार्थीको शैक्षिक योग्यता, आर्थिक अवस्था, रुचि र भविष्यको लक्ष्य विश्लेषण गरेर उपयुक्त देश, कलेज तथा विश्वविद्यालय छनोटमा सहयोग गर्छौं । यही कारणले सयौं नेपाली विद्यार्थीहरूले क्याम्ब्रिजमार्फत आफ्नो शैक्षिक यात्रा सफलतापूर्वक अगाडि बढाएका छन् ।

**क्याम्ब्रिजले कुन–कुन सेवाहरु उपलब्ध गराउँदै आएको छ ?**

हामीले विदेश अध्ययनमा जान चाहने विद्यार्थी तथा अभिभावकहरुलाई सम्पूर्ण शैक्षिक परामर्श सेवा उपलब्ध गराउँदै आएका छौं । साथै आइएलटीएस र पिटिई तयारी कक्षासमेत सञ्चालन गरिरहेका छौं । विद्यार्थीलाई कोर्स छनौटदेखि विश्वविद्यालय आवेदन, भिसा प्रक्रिया र विदेश पुगेपछिको आवश्यक समन्वयसम्म सहयोग गर्ने गरेका छौं । क्याम्ब्रिजको उद्देश्य केवल विद्यार्थी विदेश पठाउने होइन, उनीहरूको सफल भविष्य निर्माणमा सहयात्री बन्नु हो ।

**क्याम्ब्रिजको सेवा सञ्जाल कति व्यापक छ ?**

क्याम्ब्रिजको मुख्य कार्यालय काठमाडौंको बागबजारमा रहेको छ । अन्तराष्ट्रिय स्तरमा अष्ट्रेलिया र बेलायतमा समेत हाम्रा शाखा कार्यालय रहेकाले विदेश पुगेपछि विद्यार्थीलाई कुनै समस्या परेमा आवश्यक सहयोग र समन्वय गर्न सहज हुन्छ । विद्यार्थी र अभिभावकका लागि यो ठूलो भरोसाको विषय हो ।

**क्याम्ब्रिजले कुन–कुन देशका कलेज र विश्वविद्यालयहरूसाग सहकार्य गरिरहेको छ ?**

हामीले अष्ट्रेलिया, क्यानडा, बेलायत, न्यूजिल्यान्ड र अमेरिकाका प्रतिष्ठित तथा आधिकारिक शैक्षिक संस्थाहरूसँग सहकार्य गरिरहेका छौं । अष्ट्रेलियाका लिंकन हाइयर एजुकेशन, एआइई हाइयर एजुकेशन, एविआई हाइयर एजुकेशन र अजफोर्ड हाइयर एजुकेशन लगायतसँग काम गरिरहेका छौं । क्यानडाका लागि फेजरभ्याली युनिभर्सिटी, क्यालगरी कलेज अफ म्यानेजमेन्ट, रोयल रोड युनिभर्सिटी, भ्यानियर कलेज, लोयलिस्ट कलेज, युनिभर्सिटी अफ नाएगारा फल्स तथा युनिभर्सिटी अफ क्यानडा वेस्टसँग काम गरिरहेका छौं । अब यूकेको कुरा गर्दा हामीसँग रोहाम्टन युनिभर्सिटी, युनिभर्सिटी अफ लण्डन, युनिभर्सिटी अफ लिभरपुल, क्विन्समेरी युनिभर्सिटी अफ लण्डन तथा कोभेन्ट्री युनिभर्सिटी जस्ता प्रतिष्ठीत कलेज र विश्वविद्यालयहरु छन् । यसका अलावा अमेरिका, यूरोपका धेरै देशहरुका प्रतिष्ठित कलेज र विश्वविद्यालयसँग काम गरिहेका छौं ।

**अन्त्यमा, विदेश जाने विद्यार्थीलाई के सन्देश दिनुहुन्छ ?**

विदेश अध्ययन जीवनको महत्वपूर्ण निर्णय हो । अरूको लहैलहैमा लागेर वा सामाजिक दबाबका कारण निर्णय गर्नु हुँदैन । आफ्नो क्षमता, योग्यता, रुचि र भविष्यको लक्ष्यलाई ध्यानमा राखेर निर्णय गर्नुपर्छ । अध्ययनलाई प्राथमिकता दिनुपर्छ, पैसा कमाउने मात्र उद्देश्य बनाउनु हुँदैन । विदेश जानुअघि जाने देशको शिक्षा प्रणाली, आर्थिक अवस्था, आप्रवासी विद्यार्थीसम्बन्धी नीति तथा जीवनशैलीबारे राम्रोसँग बुझ्नुपर्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा, आधिकारिक र विश्वसनीय शैक्षिक परामर्श संस्थामार्फत मात्र प्रक्रिया अगाडि बढाउनुपर्छ । अवास्तविक सपना देखाउने, नक्कली कागजात बनाइदिने वा तत्काल आकर्षक जागिरको आश्वासन दिने व्यक्तिबाट सधैं सावधान रहनुपर्छ । सही जानकारी, सही तयारी र सही मार्गदर्शनका साथ अघि बढेमा विदेश अध्ययनले विद्यार्थीको जीवन मात्र होइन, भविष्यमा राष्ट्रको विकासमा समेत महत्वपूर्ण योगदान पुर्याउन सक्छ ।

---

**रामेछाप डायरी**

# एक वर्षमा रामेछाप नगरपालिकाको वित्तीय प्रगति ६८.७ प्रतिशत



रामेछाप- रामेछाप नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा कुल बजेटको ६८.७ प्रतिशत खर्च गरेको छ । नगरपालिकाले आइतबार आयोजना गरेको तेस्रो चौमासिक अवधिमा सम्पादित आयोजना तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाइ कार्यक्रममा आय-व्यय विवरण, विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी प्रगति सार्वजनिक गरेको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले प्रस्तुत गरेको प्रगति प्रतिवेदनअनुसार चालु खर्चतर्फ ५१ करोड ६३ लाख ४५ हजार ७ सय ७४ रुपैयाँ अनुमानित बजेट रहेकोमा ४३ करोड ५५ लाख ८७ हजार ८७ रुपैयाँ खर्च भएको छ । यो चालु खर्चको ८४.३६ प्रतिशत हो । त्यस्तै, पुँजीगत खर्चतर्फ ३३ करोड ७३ लाख ४२ हजार ९७ रुपैयाँ बजेट विनियोजन गरिएकोमा १५ करोड ९ लाख २३ हजार ६ सय ४५ रुपैयाँ खर्च भएको छ । चालु र पुँजीगत दुवै शीर्षक जोड्दा नगरपालिकाको कुल अनुमानित बजेट ८५ करोड ३६ लाख ८७ हजार ८ सय ७१ रुपैयाँ रहेकोमा ५८ करोड ६५ लाख १० हजार ७ सय ३२ रुपैयाँ खर्च भएको नगरपालिकाले जनाएको छ । नगरपालिकाका अनुसार समीक्षा अवधिमा नगरपालिका तथा वडा कार्यालयमार्फत १ करोड ८ लाख ८ हजार ८४ रुपैयाँ राजस्व संकलन भएको छ ।

स्थानीय सरकार सञ्चालनमा आएदेखि हालसम्म रामेछाप नगरपालिकाले २० वटा ऐन, ६ वटा नियमावली, ५७ वटा कार्यविधि र ५ वटा निर्देशिका गरी ८८ वटा कानुन निर्माण गरेको जानकारी पनि सार्वजनिक सुनुवाइ कार्यक्रममा दिइएको छ ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी नागरिकहरूले शिक्षा, स्वास्थ्य, कृषि, सडक, पशुपालन तथा विकास निर्माणसँग सम्बन्धित विषयमा प्रश्न, जिज्ञासा र सुझाव राखेका थिए । नागरिकले उठाएका प्रश्नको जवाफ नगरपालिकाका प्रमुख लवश्री न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदी तथा सम्बन्धित शाखा प्रमुखहरूले दिएका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष दीपक घिमिरे, नेकपा नेता नरेन्द्र तामाङ, नेकपा एमालेका नेता देवबहादुर श्रेष्ठ, नेपाली कांग्रेसका नेता कमलविक्रम कार्की तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता अम्बिका तामाङले नगरपालिकालाई सुझावसहित मन्तव्य राखेका थिए ।

उनीहरूले नगरपालिकाबाट हुने काम कारबाही निष्पक्ष, पारदर्शी र नागरिकमैत्री हुनुपर्नेमा जोड दिएका थिए ।

हजुरको रेडियोको सहजीकरणमा सम्पन्न सार्वजनिक सुनुवाइ कार्यक्रममा रामेछाप नगरपालिकाका जनप्रतिनिधि, विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, पत्रकार, कर्मचारी र स्थानीय नागरिकहरूको सहभागिता रहेको थियो ।

# गुणस्तरीय र दिगो पूर्वाधार निर्माणमा इन्जिनियरको भूमिका निर्णायक : ऊर्जामन्त्री

काठमाडौं- ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मुलुकको समृद्धिका लागि गुणस्तरीय र दिगो पूर्वाधार निर्माणमा इन्जिनियर हरूको भूमिका र जिम्मेवारी महत्त्वपूर्ण रहेको बताएका छन् ।

आइतबार ललितपुरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । मन्त्री श्रेष्ठले सडक, पुल, जलविद्युत, प्रसारण लाइन, सिँचाइ र सूचना प्रविधिलगायतका क्षेत्रमा आधुनिक पूर्वाधार निर्माण गर्ने मुख्य जिम्मेवारी प्राविधिक जनशक्तिको काँधमा रहेको बताए ।

उनले सरकारले गुणस्तरीय, सुरक्षित र वातावरणमैत्री पूर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखेको स्पष्ट पारे । मन्त्री श्रेष्ठकाअनुसार जलविद्युत् उत्पादनको विस्तार, राष्ट्रिय तथा अन्तरदेशीय प्रशारण सञ्जालको सुदृढीकरण, सिँचाइ प्रणालीको आधुनिकीकरण र डिजिटल पूर्वाधारको विकास सरकारको रणनीतिक सोचका प्रतिफल हुन् । उनले परियोजनाहरूको सफलतालाई अब बजेट खर्चको तथ्याङ्कले मात्र नभई समयमै सम्पन्न भएको, लागत अनुशासन कायम गरिएको र नागरिकले प्राप्त गरेको प्रत्यक्ष लाभका आधारमा मापन गरिने नयाँ नीति अघि सारिएको जानकारी दिए ।

ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको सुनाउँदै उनले क्षेत्रीय विद्युत् व्यापार र नवीकरणीय ऊर्जा प्रवर्द्धनमा दक्ष इन्जिनियरहरूको योगदान निर्णायक हुने विश्वास व्यक्त गरे ।

मन्त्री श्रेष्ठले भने, 'सडक, पुल, जलविद्युत्, प्रसारण लाइन, सिँचाइ, खानेपानी, भवन, सूचना प्रविधिलगायत आधुनिक पूर्वाधारको विकाससँगै देशको समृद्धिको आधार निर्माण गर्ने जिम्मेवारी इन्जिनियर हरूको काँधमा छ । हामी अहिले पूर्वाधार विकासको नयाँ चरणमा प्रवेश गरिरहेका छौं । सरकारले गुणस्तरीय, दिगो, सुरक्षित र वातावरणमैत्री पूर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राखेको विषय म यहाँ स्मरण गराउन चाहन्छु ।'

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष –१९, अंक– १,
२०८३ साल साउन ५ गते मंगलबार
21 JULY 2026, TUESDAY

# विश्वकप-२०२६ का ३३३ गोल बराबर ३३३ बिरुवा रोप्दै लक्ष्मी सनराइज बैंक




काठमाडौं- लक्ष्मी सनराइज बैंकले वातावरण संरक्षण तथा जलवायु परिवर्तनका चुनौतीसँग जुध्ने उद्देश्यले सञ्चालन गरेको 'द गोल इज ग्रिन' अभियानका लागि डब्लुडब्लुएफ नेपाल र काम्दी सामुदायिक वन समन्वय समितिसँग सहकार्य गरेको छ ।

बैंकले यसअघि फिफा विश्वकप-२०२६ का प्रत्येक गोल बराबर एउटा रैथाने बिरुवा रोप्ने प्रतिबद्धता जनाएको थियो । सोही अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न डब्लुडब्लुएफ नेपाललाई प्राविधिक संरक्षण साझेदारका रूपमा आबद्ध गरिएको बैंकले जनाएको छ ।

सहकार्यअनुसार डब्लुडब्लुएफ नेपालले रैथाने प्रजातिका बिरुवा छनोट, रोपाइँका लागि उपयुक्त क्षेत्रको पहिचान तथा पारिस्थितिकीय पुन:स्थापनासम्बन्धी प्राविधिक सहयोग उपलब्ध गराउनेछ । काम्दी सामुदायिक वन समन्वय समितिले उपयुक्त स्थानमा रैथाने बिरुवा रोप्ने, संरक्षण गर्ने तथा दीर्घकालीन व्यवस्थापनको जिम्मेवारी लिनेछ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत अजय शाहले दिगोपन बैंकको रणनीतिक प्राथमिकता मात्र नभई दीर्घकालीन मूल्य सिर्जनाको आधार रहेको बताउनुभयो । उहाँले 'द गोल इज ग्रिन' अभियानमार्फत विश्वकपका प्रत्येक गोललाई नेपालको हरित भविष्यसँग जोड्ने लक्ष्य राखिएको र डब्लुडब्लुएफ नेपालको संरक्षणसम्बन्धी विशेषज्ञताले अभियानलाई थप प्रभावकारी र दिगो बनाउने विश्वास व्यक्त गर्नुभयो ।

डब्लुडब्लुएफ नेपालका कन्ट्री रिप्रेजेन्टेटिभ डा. घनश्याम गुरुङले वन पुन:स्थापना केवल बिरुवा रोप्नु मात्र नभई उपयुक्त स्थानमा रैथाने प्रजातिका बिरुवा रोपेर स्थानीय समुदायसँगको सहकार्यमा दीर्घकालीन संरक्षण गर्नु आवश्यक रहेको बताउनुभयो । उहाँले यस्ता सहकार्यले निजी क्षेत्रको लगानीलाई समुदायमा आधारित संरक्षणसँग जोड्दै प्रकृति, समुदाय र भविष्यका लागि दीर्घकालीन लाभ सिर्जना गर्ने धारणा राख्नुभयो ।

काम्दी सामुदायिक वन समन्वय समितिका अध्यक्ष महेन्द्र शाहीले लक्ष्मी सनराइज बैंक र डब्लुडब्लुएफ नेपालसँगको सहकार्यले जैविक मार्ग (कोरिडोर) पुन:स्थापनाका प्रयासलाई थप बल पुग्ने तथा स्थानीय समुदायले दीर्घकालीन लाभ प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।

बैंकका अनुसार फिफा विश्वकप-२०२६ अवधिभर भएका ३३३ गोल बराबर ३३३ वटा रैथाने बिरुवा रोप्ने प्रतिबद्धता पूरा गरिएको छ । बैंकले खेलकुदको उत्साहलाई वातावरण संरक्षणसँग जोड्दै समुदायमा आधारित हरित अभियानमार्फत नेपालको दीर्घकालीन वातावरणीय सुदृढीकरणमा योगदान पुर्‍याउने अपेक्षा गरेको जनाएको छ ।

# माछापुच्छ्रे बैंकले वरिष्ठ व्यवस्थापनमा गर्‍यो पदोन्नति

काठमाडौं । माछापुच्छ्रे बैंकको नायव प्रमुख कार्यकारी अधिकृत प्रसिद्ध राज अर्याललाई वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत पदमा तथा नायव महाप्रवन्धक सुभाष जमरकटेललाई नायव प्रमुख कार्यकारी अधिकृत पदमा बढुवा गर्ने निर्णय गरेको छ ।

बैंकको साउन ४ गते बसेको सञ्चालक समितिको बैठकले नायव प्रमुख कार्यकारी अधिकृत अर्याललाई वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत पदमा तथा नायव महाप्रवन्धक जमरकटेललाई नायव प्रमुख कार्यकारी अधिकृत पदमा बढुवा गर्ने निर्णय गरेको हो । काठमाडौं विश्वविद्यालयबाट व्यापार प्रशासन संकायमा स्नातकोतर गरेका अर्यालसँग कर्जा, ट्रेजरी तथा करेसपोन्डेन्ट बैंकिङ, शाखा सञ्चालन र लघुवित्त जस्ता विभिन्न बैंकिङ क्षेत्रमा करिब दुई दशकभन्दा बढिको अनुभव, ज्ञान तथा उत्कृष्ट नेतृत्व दक्षता रहेको छ । अर्याल यसअघि सिभिल बैंक, सनराइज बैंक र नेपाल इन्भेष्टमेन्ट बैंकमा समेत विभिन्न पदमा कार्यरत रही बैंकिङ क्षेत्रकै एक अनुभवी बैंकरका रूपमा परिचित छन् ।

वित्तिय तथा बैंकिङ क्षेत्रमा विशेषज्ञता हासिल गरेका जमरकटेल एक दक्ष तथा अनुभवी चार्टर्ड एकाउन्टेन्टका रूपमा परिचित छन् ।

उनले इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इन्डियाबाट चार्टर्ड एकाउन्टेन्सी तथा नेपालको त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन र कानुन विषयमा स्नातक तहको उपाधि हासिल गरेका छन् ।

साथै, उनले एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी एआइटी थाइल्याण्डबाट बैंकिङ तथा फाइनान्स विषयमा प्रोफेसनल मास्टर्स डिग्री समेत हासिल गरेका छन् ।

अर्याल तथा जमरकटेल दुवै आफ्नो बैंकिङ करियरमा उल्लेखनीय व्यावसायिक उपलब्धि हासिल गर्दै बैंकिङ क्षेत्रका सक्षम, अनुभवी तथा सफल बैंकरका रूपमा रूपमा चिनिन्छन् ।

# वर्षायाममा गुणस्तरीय विद्युत सेवा सुनिश्चित गर्न प्राधिकरणको निर्देशन



काठमाडौं । वर्षायाममा देशभर नियमित, सुरक्षित र गुणस्तरीय विद्युत आपूर्ति सुनिश्चित गर्दै ग्राहक सेवा प्रवाहलाई थप प्रभावकारी, उत्तरदायी र परिणाममुखी बनाउन नेपाल विद्युत प्राधिकरणका कामु कार्यकारी निर्देशक दीर्घायूकुमार श्रेष्ठको अध्यक्षतामा वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख, सातवटै प्रदेश कार्यालयका प्रमुख तथा दुई प्रदेश डिभिजन कार्यालयका प्रमुखहरूसँग छलफल भएको छ ।

बैठकमा वर्षायामका कारण विद्युत प्रणालीमा पर्न सक्ने प्रभाव, सेवा प्रवाहमा देखिन सक्ने चुनौती, ग्राहक गुनासो व्यवस्थापन तथा प्रदेशस्तरमा सञ्चालित आयोजना र कार्यक्रमहरूको कार्यान्वयन अवस्थाबारे विस्तृत समीक्षा गरिएको छ । समीक्षा पश्चात् कार्यकारी निर्देशकले सेवा प्रवाहलाई थप प्रभावकारी र उत्तरदायी बनाउन निर्देशन दिए ।

उनले वर्षायाममा कुनै पनि अवस्थामा नियमित र गुणस्तरीय विद्युत आपूर्तिमा असर पर्न नदिन उच्च सतर्कताका साथ काम गर्नुपर्ने बताए । सम्भावित विद्युत अवरोधलाई न्यूनतम बनाउन आवश्यक जनशक्ति, उपकरण तथा मर्मत सामग्री तयारी अवस्थामा राखी समस्या उत्पन्न हुनासाथ तत्काल परिचालन गर्नुपर्नेमा जोड दिए । सेवाग्राहीबाट प्राप्त हुने गुनासोको छिटो, सहज र प्रभावकारी रूपमा सुनुवाइ तथा समाधान गर्न, योजनाबद्ध लाइन अवरोध वा आकस्मिक मर्मतका कारण विद्युत आपूर्ति प्रभावित हुने अवस्थामा सकेसम्म पूर्वसूचना उपलब्ध गराई उपभोक्तालाई सुसूचित गर्न तथा सेवा प्रवाहमा पारदर्शिता र उत्तरदायित्व कायम गर्न निर्देशन दिए ।

साथै, बाढी, पहिरो, हुरीरबतासलगायत प्राकृतिक विपद्का कारण विद्युत पूर्वाधारमा पर्न सक्ने जोखिमलाई मध्यनजर गर्दै आवश्यक जनशक्ति, उपकरण र सामग्री चौबीसै घण्टा तयारी अवस्थामा राख्न तथा प्रदेशभित्र सञ्चालनमा रहेका आयोजना र वितरण प्रणालीसम्बन्धी कार्यहरूको नियमित अनुगमन गरी देखिएका समस्या तत्काल समाधान गर्न निर्देशन दिए ।

सम्बन्धित निर्देशनालयहरू सँग प्रभावकारी समन्वय गरी आयोजना कार्यान्वयनलाई तीव्रता दिन समेत जोड दिए । त्यस्तै, कर्मचारीहरूको क्षमता अभिवृद्धि, सीप विकास तथा वृत्ति विकासलाई संस्थागत रूपमा अगाडि बढाउन आवश्यक प्राविधिक तथा व्यवस्थापकीय तालिमको आवश्यकता पहिचान गरी प्रस्ताव पेस गर्न निर्देशन दिए ।

# भाटभटेनी पुनर्निर्माणको दौडधुपमा थलिए मीनबहादुर गुरुङ

## जेनजी आन्दोलनमा जलेका १२ संरचनाको पुनर्निर्माणमा निरन्तर खटिँदा रक्तअल्पता, चिकित्सकले दिए ३ महिना आरामको सल्लाह



काठमाडौं- जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त भएका भाटभटेनी सुपरस्टोरहरूको पुनर्निर्माणमा निरन्तर खटिएका भाटभटेनीका अध्यक्ष मीनबहादुर गुरुङ ३७ दिन अस्पतालमा उपचारपछि शुक्रबार डिस्चार्ज भएका छन् ।

असार १० गते बौद्ध र असार २७ गते विराटनगरस्थित भाटभटेनी सुपरस्टोर पुनः सञ्चालनमा आए पनि दुवै उद्घाटन कार्यक्रममा गुरुङ उपस्थित हुन सकेनन् । स्वास्थ्यमा समस्या देखिएपछि उनी त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जमा उपचाररत थिए ।

जेनजी आन्दोलनका क्रममा भाटभटेनीका २८ मध्ये १२ वटा संरचना, बालुवाटारस्थित केन्द्रीय गोदामसहित, आगजनीबाट क्षतिग्रस्त भएका थिए । त्यसपछि गुरुङले सबै संरचनाको पुनर्निर्माण गर्ने र कुनै पनि कर्मचारीलाई नहटाउने प्रतिबद्धता व्यक्त गरेका थिए । पुनर्निर्माणको काममा बिहानदेखि बेलुकासम्म खटिँदा, धुवाँ-धुलो, अनियमित खानपान र अत्यधिक कार्यबोझका कारण उनको स्वास्थ्यमा गम्भीर असर परेको चिकित्सकहरूले बताएका छन् । स्वास्थ्य परीक्षणका क्रममा उनको हेमोग्लोबिन ४ ग्राम मा झरेको र रक्तअल्पता (एनिमिया) देखिएको थियो । त्यसपछि उनलाई तत्काल अस्पताल भर्ना गरिएको थियो ।

गुरुङले विदेशमा उपचार गराउन सक्ने आर्थिक क्षमता भए पनि नेपाली चिकित्सकमाथि विश्वास गर्दै त्रिवि शिक्षण अस्पतालमै उपचार गराएको बताएका छन् । उनको उपचार हेमाटोलोजिस्ट डा. अञ्जन श्रेष्ठ र कार्डियोलोजिस्ट डा. चन्द्रमणि पौडेलको नेतृत्वमा गरिएको थियो ।

३७ दिनको उपचारपछि उनको हेमोग्लोबिन बढेर ७ पुगेको छ । चिकित्सकहरूले उनलाई कम्तीमा तीन महिना आराम गर्न, भीडभाडबाट टाढा रहन र स्वास्थ्यमा विशेष ध्यान दिन सुझाव दिएका छन् ।

कामप्रति अत्यन्त समर्पित मानिने गुरुङले अहिले पनि लामो समय निष्क्रिय बस्नुपर्ने अवस्थाले आफूलाई सबैभन्दा बढी चिन्तित बनाएको बताएका छन् ।

# कामना सेवा विकास बैंकको नाफा ३३.५०% वृद्धि, वितरणयोग्य मुनाफा ६० करोड ११ लाख




काठमाडौं । काठमाडौं । कामना विकास बैंकको नाफा बढेको छ । आर्थिक वर्ष २०८२र८३ को चौथो त्रैमाससम्म बैंकको नाफा ३३.५० प्रतिशतले बढेर ८९ करोड ४१ लाख ७८ हजार रुपैयाँ पुगेको छ ।

अघिल्लो आर्थिक वर्ष २०८१र८२ को चौथो त्रमासमा बैंकले ६६ करोड ९७ लाख ५१ हजार रूपैयाँ खुद नाफा गरेको थियो । बैंकको 'कस्ट अफ फण्ड' घटेर ब्याज आम्दानी बढ्दा नाफा बढेको हो । बैंकको खुद ब्याज आम्दानी पनि ३.९८ प्रतिशतले बढेर २ अर्ब ४१ करोड ८ लाख रूपैयाँ पुगेको छ। अघिल्लो वर्ष यही अवधिसम्म बैंकको खुद ब्याज आम्दानी २ अर्ब ३१ करोड ८४ लाख ९४ हजार रूपैयाँ थियो । नाफासँगै यस अवधिमा बैंकको प्रतिसेयर आम्दानी पनि बढेको छ । स्तो आम्दानी ३.६७ रुपैयाँले बढेर २२.७५ रुपैयाँ पुगेको छ ।

चौथो त्रैमाससम्म बैंकको सञ्चालन मुनाफा ३२.८७ प्रतिशतले बढेर १ अर्ब ३८ करोड २५ लाख रुपैयाँ पुगेको छ । बैंकको वितरणयोग्य मुनाफा ६० करोड ११ लाख रुपैयाँ छ । वितरणयोग्य मुनाफालाई आधार मान्दा बैंकको लाभांं क्षमता १५.१६ प्रतिशत देखिन्छ । साथै बैंकको प्रोभिजनिङ समेत घटेको छ । प्रोभिजनिङ कम हुँदा त्यसको सकारात्मक प्रभाव नाफामा देखिन्छ । असार मसान्तसम्म बैंकले १३ करोड ६५ लाख रुपैयाँमा प्रोभिजनिङ गरेको छ । प्रोभिनजिङ कम भए पनि कर्जा कर्जा भने बढेको छ ।अघिल्लो आर्थिक वर्षको यसै अवधिमा बैंकको खराब कर्जा ३.४९ प्रतिशत रहेकोमा समीक्षा अवधिमा बढेर ३.७७ प्रतिशत पुगेको छ ।

हाल बैंकको चुक्ता पुँजी ४ अर्ब २१ करोड १९ लाख रुपैयाँ रहेको छ भने जगेडा कोषमा २ अर्ब १४ करोड १३ लाख रुपैयाँ सञ्चित छ ।बैंकले ६६ अर्ब ७४ करोड रुपैयाँ निक्षेप संकलन गरेको छ भने ५५ अर्ब ८० करोड रुपैयाँ कर्जा लगानी गरेको छ ।

# बजेट कार्यान्वयनका लागि छलफलमा जुटे अर्थमन्त्री

काठमाडौं । अर्थमन्त्री स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३र८४ को बजेट कार्यान्वयनका लागि छलफल सुरू गरेका छन् । आज अर्थ मन्त्रालयको सुवर्ण हलमा बजेट कार्यान्वयन गर्ने प्रमुख मन्त्रालयका सचिवहरू सहभागी बैठक सुरू भएको हो ।

अर्थमन्त्री वाग्लेको अध्यक्षतामा भएको छलफलमा योजना आयोगका उपाध्यक्ष गुणाकर भट्ट र अर्थ सचिव घनश्याम उपाध्यायसहित पूर्वाधार, उद्योग वाणिज्य, कृषि, स्वास्थ्य, शिक्षा, परराष्ट्र, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, श्रम, महिला बालबालिका, गृह, एवं रक्षा मन्त्रालयका सचिव एवम् प्रतिनिधिहरूको सहभागिता रहेको अर्थमन्त्रीको सचिवालयले जनाएको छ ।

## खेलकुद

# स्पेनका कप्तान रोड्रीलाई गोल्डेन बल अवार्ड



न्यु जर्सी- स्पेनका कप्तान रोड्रीले विश्वकप फुटबल २०२६ को गोल्डेन बलको अवार्ड जितेका छन् । प्रतियोगिताको उत्कृष्ट खेलाडीका रूपमा उनलाई अर्जेन्टिनासँगको फाइनलपछि सोमबार गोल्डेन बुट अवार्ड प्रदान गरिएको हो ।

रोड्रीको कप्तानीमा स्पेनले अतिरिक्त समयमा धकेलिएको फाइनलमा अर्जेन्टिनालाई १-० गोलले पराजित गरी दोस्रोपटक विश्वकप उपाधि जितेको थियो । विशेष गरी फ्रान्सविरुद्धको सेमिफाइनलमा उनले अविस्मरणीय खेल प्रदर्शन गरेका थिए । स्पेनले २०१० यता पहिलोपटक विश्वकप उपाधि जितेको हो । स्पेनका पाउ कुवार्सीले युवा खेलाडीको पुरस्कार जितेका छन् । स्पेनकै गोलरक्षक उनाई सिमोनले गोल्डेन ग्लोभ अवार्ड पाए । स्पेनले यस विश्वकपको ८ खेलमा केवल १ गोलमात्र खर्चेको थियो ।

## टुचेललाई तेस्रो स्थान पनि ठूलो

मियामी – इंग्ल्यान्डको छ दशकयता पहिलो पटक विश्वकप जित्ने अभियान यसपल्ट पनि पूरा भएन्, तर पनि प्रशिक्षक थोमस टुचेल मान्छन्, विश्वकप २०२६ मा तेस्रो स्थानमा आउनु पनि आफैमा ठूलो हो । इंग्ल्यान्डले आइतबार तेस्रो स्थानका लागि भएको रोमाञ्चक खेलमा फ्रान्समाथि ६-४ को जित निकाल्यो ।

त्यसमा इंग्ल्यान्डका लागि बुकायो साकाले ह्याट्रिक गरे । फ्रान्सले खेलमा पुर्नआगमनका लागि प्रयास गरेपछि त्यो पूर्णतः सफल रहेन् । यस्तोमा इंग्ल्यान्ड सन् १९६६ यता विश्वकप इतिहासमै आफ्नो उत्कृष्ट प्रदर्शन दर्ता गर्न सफल रह्यो । पहिलो हाफको अन्त्यमा इंग्ल्यान्ड चार गोलले अगाडि रहेको थियो, तर किलियन एमबापे दुई गोल गरेपछि खेल सनसनीपूर्ण रह्यो । साकाले पेनाल्टीबाट आफ्नो ह्याट्रिक पूरा गरे ।

खेलको अन्त्यतिर ओसमन डेम्बलेले फ्रान्सका लागि एक गोल फर्काए लगतै सब्टिच्युट जुड बेलिङ्घमले पनि एक गोल गरे । यससँगै प्रतियोगितामा उनको कुल गोल संख्या सात पुगेको छ र उनी एक संस्करणको विश्वकपमा इंग्ल्यान्डबाट सबैभन्दा बढी गोल गर्ने खेलाडी भएका छन् ।

टुचेलले खेलपछि भने, 'इंग्ल्यान्डले ६० वर्षपछि विश्वकपमा पदक जितेको छ, विदेशी भूमिमा यो नै इंग्ल्यान्डको अहिलेसम्मको उच्च प्रदर्शन हो ।'

# लाइसेन्सका लागि अब कुनै पनि इजाजतप्राप्त चिकित्सकको स्वास्थ्य प्रमाणपत्र मान्य हुने प्रस्ताव

लाइसेन्सका लागि अब कुनै पनि इजाजतप्राप्त चिकित्सकको स्वास्थ्य प्रमाणपत्र मान्य हुने प्रस्ताव

काठमाडौं- सवारी चालक अनुमतिपत्र (लाइसेन्स) प्राप्त गर्न आवश्यक स्वास्थ्य परीक्षणलाई सहज र पारदर्शी बनाउन यातायात व्यवस्था विभागले नयाँ व्यवस्था प्रस्ताव गरेको छ । विभागले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई इजाजत प्राप्त गरेका जुनसुकै चिकित्सकले दिएको स्वास्थ्य परीक्षण प्रमाणपत्रलाई मान्यता दिने व्यवस्था गर्न सातै प्रदेशका यातायात हेर्ने मन्त्रालयलाई अनुरोध गरेको हो ।

यातायात व्यवस्था विभागअन्तर्गत सवारी अनुगमन, मापदण्ड तर्जुमा तथा सवारी चालक व्यवस्थापन शाखाका निर्देशक गणेशमानसिं राईले गत असार ३२ गते जारी गरेको परिपत्रमार्फत यस्तो व्यवस्था कार्यान्वयनका लागि प्रदेश मन्त्रालयलाई पत्राचार गरेका हुन् । विभागले हालको स्वास्थ्य परीक्षण प्रक्रियामा सेवाग्राहीले अनावश्यक भीडभाड, अतिरिक्त आर्थिक भार र सीमित समूहको संलग्नताका कारण समस्या भोग्नुपरेको जनाएको छ । त्यसलाई सुधार गर्दै सेवा प्रवाहलाई सरल, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकबाट गरिएको स्वास्थ्य परीक्षणलाई मान्यता दिने प्रस्ताव अघि सारिएको हो । विभागको परिपत्रमा स्वास्थ्य परीक्षण प्रक्रियामा एकरूपता कायम गर्न र सेवाग्राहीलाई सहज पहुँच प्रदान गर्न इजाजतप्राप्त चिकित्सकको प्रमाणपत्र स्वीकार गर्ने व्यवस्था आवश्यक रहेको उल्लेख गरिएको छ ।

संघीय सरकारको यो निर्णय कार्यान्वयन भएमा लाइसेन्स बनाउन जाने सेवाग्राहीले तोकिएको सीमित स्वास्थ्य संस्थामै निर्भर हुनुपर्ने बाध्यता हट्ने र आफ्नो पहुँचमा रहेका मान्यता प्राप्त चिकित्सकबाट स्वास्थ्य परीक्षण गराउन सक्नेछन् ।

यातायात व्यवस्था विभागले स्वास्थ्य जाँच प्रक्रियालाई थप व्यवस्थित बनाउन नेपाल मेडिकल काउन्सिलसँग मान्यता प्राप्त चिकित्सकहरूको विवरणसमेत माग गरेको छ । विभागले यही साउन १ गते काउन्सिललाई पत्र पठाउँदै दर्तावाल तथा इजाजतप्राप्त चिकित्सकहरूको विवरण उपलब्ध गराउन आग्रह गरेको हो । विभागले प्रस्ताव गरेको नयाँ व्यवस्थाले सवारी चालक अनुमतिपत्र वितरण प्रक्रियालाई थप व्यवस्थित, मर्यादित र पारदर्शी बनाउने अपेक्षा गरेको छ ।

# जलवायु स्मार्ट कृषि विस्तारका लागि अन्तर्राष्ट्रिय सहयोग आवश्यक : कृषिमन्त्री चौधरी

काठमाडौं- कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले नेपालमा जलवायु स्मार्ट कृषि प्रविधिको विस्तार र कृषि क्षेत्रको रूपान्तरणका लागि अन्तर ाष्ट्रिय सहयोग आवश्यक रहेको बताएकी छन् ।



नेपाल कृषि खाद्य प्रणाली सुदृढीकरण परियोजनाको प्रारम्भ कार्यशालालाई सम्बोधन गर्दै मन्त्री चौधरीले कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र जलवायु अनुकूल प्रविधिमार्फत अघि बढाउने सरकारको लक्ष्य रहेको बताइन् । उनले यस लक्ष्य प्राप्तिका लागि चीन सरकार, चाइना इन्टर नेसनल डेभलपमेन्ट कोअपरेसन एजेन्सी (सिडका), संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (एफएओ) लगायत विकास साझेदारको सहयोग महत्वपूर्ण हुने उल्लेख गरिन् ।

मन्त्री चौधरीले अन्तर्राष्ट्रिय साझेदारीमार्फत आधुनिक कृषि पूर्वाधार निर्माण, उत्पादन वृद्धि, खाद्य सम्प्रभुता सुनिश्चितता र दिगो कृषि मूल्य शृङ्खला विकासमा सहयोग पुग्ने बताइन् ।

उनका अनुसार नेपालको कृषि क्षेत्र अहिले न्यून उत्पादकत्व, जलवायु परिवर्तनका बढ्दो असर, प्राकृतिक विपद्, कृषिमा आश्रित युवा जनशक्तिको वैदेशिक पलायन, आधुनिक प्रविधिको सीमित पहुँच तथा बजार व्यवस्थापनका चुनौतीबाट प्रभावित छ ।

उनले कृषि क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्ड मात्र नभई बहुसंख्यक नागरिकको जीविकोपार्जन, संस्कृति र पहिचानसँग जोडिएको क्षेत्र भएको बताइन् । तर बदलिँदो जलवायु अवस्था र संरचनागत समस्याका कारण कृषि उत्पादन र किसानको आम्दानीमा चुनौती थपिँदै गएको उनको भनाइ थियो ।

मन्त्री चौधरीले नेपाली कृषि उपजको निर्यातमा अन्तर ाष्ट्रिय मापदण्डअनुसार परीक्षण प्रयोगशालाको अभाव पनि प्रमुख समस्याका रूपमा रहेको बताइन् । सरकारले आधुनिक परीक्षण प्रयोगशालाको निर्माण र विस्तारलाई प्राथमिकतामा राखेको उनले जानकारी दिइन् ।

उनले जलवायु स्मार्ट कृषि अभ्यासको प्रवर्द्धन, पोषण सुधार, बजार पहुँच विस्तार र स्थानीय संस्थागत क्षमताको विकासमार्फत कृषि खाद्य प्रणालीलाई थप सक्षम र दिगो बनाउन परियोजनाले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिन् ।

चीन सरकार, सिडका र एफएओको सहयोगमा सुरु भएको नेपाल कृषि खाद्य प्रणाली सुदृढीकरण परियोजना सरकारको कृषि आधुनिकीकरण, व्यवसायीकरण र दिगो विकाससम्बन्धी राष्ट्रिय प्राथमिकतासँग प्रत्यक्ष रूपमा जोडिएको मन्त्री चौधरीले बताइन् ।

उनले नेपाल र चीनबीचको सम्बन्ध ऐतिहासिक, सौहार्दपूर्ण र समस्यारहित रहेको उल्लेख गर्दै कृषि आधुनिकीकरण तथा गरिबी न्यूनीकरणका क्षेत्रमा चीनले हासिल गरेको अनुभव नेपालका लागि उपयोगी हुने बताइन् । ज्ञान, प्रविधि र असल अभ्यासको आदान-प्रदानले नेपालको कृषि क्षेत्रको रूपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ थियो ।

# कृषि औजार कारखानाको विकासमा सरकारको पर्याप्त सहयोग नभएको सांसद तिमिल्सिनाको गुनासो

काठमाडौं- नेपाल कम्युनिष्ट पार्टी (नेकपा) की सांसद गोमा देवी तिमिल्सिनाले कृषि औजार कारखानाको विकास र प्रवर्द्धनका लागि सरकारले आवश्यक सहयोग नगरेको बताएकी छन् । सोमबार सिंहदरबारमा बसेको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा बोल्दै उनले किसानको दैनिक जीवनमा उपयोग हुने कृषि उपकरण उत्पादन गर्ने कारखानाले अपेक्षित सरकारी सहयोग नपाउँदा उद्योग सञ्चालनमै चुनौती थपिएको बताइन् ।



समितिले मधेश र बागमती प्रदेशमा सञ्चालित उद्योग, कारखाना तथा राष्ट्रिय गौरवका आयोजनाको स्थलगत अनुगमनपछि आयोजित समीक्षा छलफलमा सांसद तिमिल्सिनाले विगतमा सरकारले प्रत्येक १० वर्षमा ५० करोड रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएको भए पनि व्यवहारमा त्यसअनुसार सहयोग नपुगेको जानकारी कारखाना व्यवस्थापनबाट प्राप्त भएको उल्लेख गरिन् । उनले सरकारले उद्योग सञ्चालनको अवस्था यथार्थ रूपमा मूल्याङ्कन गर्नँपर्ने आवश्यकता औँल्याउँदै कागजमा मात्रै उद्योग सञ्चालनमा रहेको देखाउने प्रवृत्तिको अन्त्य गर्नँपर्ने बताइन् । उद्योगको वास्तविक अवस्था बुझ्न सम्बन्धित निकायले नियमित स्थलगत अनुगमन गर्नँपर्ने उनको भनाइ थियो । बैठकमा हेटौँडा कपडा उद्योगको अवस्थाबारे पनि चर्चा भएको थियो । सांसद तिमिल्सिनाले कपास खेतीको आधार तयार नगरी उद्योग सञ्चालन सम्भव नहुने बताउँदै आवश्यक कच्चा पदार्थको उत्पादन र आपूर्ति सुनिश्चित नगरी उद्योग पुनः सञ्चालन गर्ने योजना प्रभावकारी नहुने धारणा राखिन् । उनले कपास खेती विस्तार र उद्योग सञ्चालनलाई सँगसँगै अघि बढाउन सरकारको स्पष्ट नीति आवश्यक रहेको बताइन् ।

त्यस्तै, कृषि औजार कारखाना हाल विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनको व्यक्तिगत पहलबाट सञ्चालन भइरहेको जानकारी पनि बैठकमा आएको उनले बताइन् । उनका अनुसार सरकारले प्रत्यक्ष बजेट उपलब्ध गराएर कारखाना सञ्चालन गरिरहेको भन्ने धारणा सही नभएको र विगतमा उपलब्ध गराइएको ऋणसमेत कारखानाले फिर्ता गरिसकेको जानकारी व्यवस्थापन पक्षले दिएको छ ।

सांसद तिमिल्सिनाले कृषि उत्पादन वृद्धि, यान्त्रीकरण र स्वदेशी औजार उत्पादनलाई प्रोत्साहन गर्न सरकारले दीर्घकालीन योजना, पर्याप्त बजेट र नीतिगत सहयोग उपलब्ध गराउनुपर्नेमा जोड दिइन् । उनका अनुसार कृषि औजार कारखाना र अन्य सरकारी उद्योगलाई प्रभावकारी रूपमा सञ्चालन गर्न यथार्थमा आधारित नीति, नियमित अनुगमन र आवश्यक सरकारी सहयोग अपरिहार्य छ ।

# लोकतन्त्र र समावेशितामा सम्झौता नगरी संविधान संशोधन गर्न सकिन्छ : गगन थापा




काठमाडौं । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सुशासन प्रवर्द्धनका निम्ति संविधान संशोधन आवश्यक रहेको बताएका छन् । पोखरामा आयोजित एक कार्यक्रममा बोल्दै सभापति थापाले लोकतन्त्रका आधारभूत मूल्य र मान्यतामा कुनै पनि किसिमको सम्झौता मान्य नहुने प्रस्ट पारे ।

समावेशितालाई अझ व्यापक र सुदृढ बनाउने विषयमा हाम्रो पूर्ण समर्थन रहने तर यसलाई सङ्कुचित पार्ने वा नागरिकले प्राप्त गरेका अधिकारहरू कटौती गर्ने कार्य काँग्रेसलाई स्वीकार्य नहुने स्पष्ट पारे । संविधानका अन्य पक्षहरूमा भने छलफल र परिमार्जन गर्न सकिने उनको भनाइ छ ।

विशेष गरी शासकीय स्वरूपको विषयमा भइरहेका बहसहरूप्रति संकेत गर्दै उनले यसमा खुला छलफल गर्न कांग्रेस तयार रहेको जानकारी दिए । पछिल्लो समय सडक र विभिन्न राजनीतिक वृत्तमा चर्चामा रहेको 'प्रत्यक्ष निर्वाचित कार्यकारी' को मागका सन्दर्भमा उनले आफ्नो अनुभवका आधारमा यस विषयमा विमर्श गर्न सकिने बताए ।

थापाले भने, 'सुशासनको दृष्टिकोणबाट पनि संविधान संशोधन आवश्यक छ । यस विषयमा नेपाली कांग्रेस स्पष्ट छ । लोकतन्त्र कमजोर बनाउने वा लोकतान्त्रिक मूल्यमा सम्झौता गर्ने कुनै पनि प्रस्ताव हामीलाई स्वीकार्य छैन । समावेशितालाई थप सुदृढ बनाउने विषय स्वीकार्य छ, तर त्यसलाई सङ्कुचित गर्ने वा नागरिकले प्राप्त गरेका अधिकार कटौती गर्ने कुरा स्वीकार्य हुन सक्दैन ।'

उनले अगाडि भने, 'संविधान संशोधनको बहसले शासकीय स्वरूपको विषय पनि उठाउँछ । अहिले विशेषगरी युवापुस्तामाझ प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा बहस भइरहेको देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूले पनि समय-समयमा यो विषय उठाउँदै आएका छन् । यसबारे मेरो अनुभवका आधारमा पनि केही धारणा छन् ।'

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष -१९, अंक- १,
२०८३ साल साउन ५ गते मंगलबार
21 JULY 2026, TUESDAY

# प्रदेश सरकारहरू प्रतिपक्षविहीन बन्न नहुने, आवश्यक परे कांग्रेस प्रतिपक्षमै बस्छ : विश्वप्रकाश शर्मा




काठमाडौं- नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले प्रदेश सरकार गठन र सञ्चालनका क्रममा संविधानको मर्म तथा लोकतान्त्रिक मूल्य-मान्यतालाई कमजोर पार्ने गरी सत्ता समीकरण बनाउन नहुने बताएका छन् । उनले प्रदेशसभा प्रतिपक्षविहीन हुने अवस्था लोकतान्त्रिक अभ्यास र संविधानको भावना विपरीत हुने उल्लेख गर्दै आवश्यक परे नेपाली कांग्रेस प्रतिपक्षमा बस्नसमेत तयार रहेको स्पष्ट पारे । बीपी स्मृति दिवसका अवसरमा सोमबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै शर्माले प्रदेश सरकार गठनका विषयमा दलहरूबीच भइरहेको छलफल संविधानको मूल भावना अनुरूप हुनुपर्ने बताए । उनका अनुसार सबै प्रमुख दल एउटै सरकारमा सहभागी हुँदा लोकतान्त्रिक प्रणालीमा आवश्यक शक्ति सन्तुलन र प्रभावकारी प्रतिपक्षको भूमिका कमजोर हुने खतरा रहन्छ ।

शर्माले संविधानले प्रतिपक्षको भूमिकालाई लोकतान्त्रिक शासन प्रणालीको महत्वपूर्ण अंगका रूपमा परिकल्पना गरेको उल्लेख गर्दै कुनै पनि प्रदेशसभा प्रतिपक्षविहीन बन्न नहुने धारणा राखे । प्रदेश सरकार फेरबदल वा नयाँ सत्ता समीकरण निर्माण गर्दा निर्वाचनको जनादेश, नागरिकको अपेक्षा र संविधानको मर्मलाई ध्यानमा राख्नुपर्ने उनले बताए । उनले प्रदेश सरकारसम्बन्धी देखिएका राजनीतिक जटिलता संवाद र सहमतिमार्फत समाधान गर्नँपर्नेमा जोड दिए । नेपाली कांग्रेसले आफ्नो मात्रै अडान लागू गर्ने सोच नराखेको उल्लेख गर्दै अन्य राजनीतिक दलहरूको आत्मसम्मान, सहअस्तित्व र लोकतान्त्रिक अभ्यासलाई सम्मान गर्दै साझा निष्कर्षमा पुग्नुपर्ने उनको भनाइ थियो । शर्माले अहिले संविधान संशोधनबारे पनि विभिन्न तहमा छलफल भइरहेका बेला राजनीतिक दलहरू संविधानको आधारभूत सिद्धान्तभन्दा बाहिर जान नहुने बताए । लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन सत्तापक्ष र प्रतिपक्ष दुवैको प्रभावकारी भूमिका आवश्यक रहेको उनको धारणा थियो । उनका अनुसार प्रदेश सरकार गठनको प्रक्रियामा प्रतिपक्षको उपस्थिति सुनिश्चित गर्नँ लोकतान्त्रिक अभ्यासको अनिवार्य पक्ष हो । त्यसैले आवश्यक परे नेपाली कांग्रेस सरकारभन्दा प्रतिपक्षमा बस्न तयार भए पनि प्रदेश सरकारहरू प्रतिपक्षविहीन बनाउने पक्षमा नरहेको उनले स्पष्ट पारे ।

उपसभापति शर्माले प्रदेश सरकारको विषयमा अन्तिम निर्णय संवाद, सहमति र संविधानको भावना अनुरूप हुने विश्वास व्यक्त गर्दै सबै राजनीतिक दलबीच आपसी समझदारी कायम गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

# चितवनको फिस्लिङ र धादिङको जवाङ खोलामा पहिरो, सवारी साधन नागढुंगा नाकामा रोकिए




काठमाडौं- पृथ्वी राजमार्गअन्तर्गत विभिन्न स्थानमा पहिरो खसेपछि मुग्लिन-काठमाडौं सडकखण्ड अवरुद्ध भएको छ । चितवनको फिस्लिङ र धादिङको बेनीघाट रोराङ गाउँपालिका-१० स्थित जवाङ खोलामा पहिरो खसेपछि सडक अवरुद्ध भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार धादिङ र चितवन दुवै क्षेत्रमा पहिरो पन्छाउने काम भइरहेको छ । पहिरो हटाउन केही समय लाग्ने भएकाले सवारी साधनलाई विभिन्न स्थानमा रोकिएको छ ।

चितवनको इच्छाकामना गाउँपालिका-३ फिस्लिङ क्षेत्रमा खसेको पहिरोका कारण मुग्लिन-काठमाडौं सडक प्रभावित भएको हो । जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार नारायणगढ-मुग्लिन-पोखरा सडकखण्ड भने सञ्चालनमा रहेको छ । तर मुग्लिन-काठमाडौं सडकखण्डमा भने पहिरोका कारण यातायात अवरुद्ध छ ।

प्रहरीका अनुसार पहिरो पन्छाउने काम जारी रहे पनि सडक पूर्ण रूपमा सञ्चालनमा आउन केही समय लाग्ने अनुमान गरिएको छ । सवारी साधनलाई चितवनतर्फ कुरिनटार क्षेत्रमा रोकिएको छ ।

यस्तै, धादिङतर्फ बेनीघाट रोराङ गाउँपालिका-१० जवाङ खोलानजिक दुई स्थानमा पहिरो खसेको छ । धादिङ प्रहरीका अनुसार पहिरो हटाउन अझै केही घण्टा लाग्न सक्ने अनुमान गरिएको छ । सडक अवरुद्ध भएकाले काठमाडौं प्रवेश गर्ने सवारी साधनलाई नागढुंगा र सिम्ले क्षेत्रमा रोकिएको जिल्ला प्रहरी कार्यालय धादिङका डीएसपी प्रकाश दाहालले जानकारी दिए । वर्षाका कारण रात्रिकालीन यात्रामा जोखिम बढेको भन्दै धादिङ प्रहरीले यसअघि राति १० बजेदेखि बिहान ५ बजेसम्म सवारी सञ्चालनमा रोक लगाएको थियो । पहिरोका कारण बिहानसम्म पनि यातायात सञ्चालनमा आउन नसकेको प्रहरीले जनाएको छ ।

यसैबीच, काभ्रेपलाञ्चोकको बीपी राजमार्ग भने सञ्चालनमा आएको छ । रोशी गाउँपालिका-३ थली क्षेत्रमा सडकमा आएको लेदो माटो हटाएपछि यातायात पुनः सञ्चालन गरिएको जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले जनाएको छ । प्रहरीले यात्रु तथा चालकलाई सडकको अवस्था बुझेर मात्र यात्रा गर्न र वर्षाको समयमा थप सावधानी अपनाउन आग्रह गरेको छ ।

## अन्तराष्ट्रिय

# युरोपमा बिक्री नभएका कपडा र जुत्ता नष्ट गर्न रोक



म्युनिख- युरोपियन युनियन (ईयू) का २७ वटा सदस्य राष्ट्रहरुमा फेसन कम्पनीहरुले बिक्री नभएका कपडा र जुत्ता नष्ट गर्न नपाउने भएका छन् ।

ईयूको 'इकोडिजाइन फर सस्टेनेबल प्रोडक्ट्स रेगुलेसन' अन्तर्गत सन् २०२४ मा स्वीकृत गरिएको यो प्रतिबन्ध आइतबारदेखि कार्यान्वयनमा आएको हो ।

वातावरणीय संकटलाई न्यूनीकरण गर्न चालिएको यस नीतिले उपभोक्तालाई पनि फाइदा पुग्ने विज्ञहरुले बताएका छन् । क्षति पुगेका, पुराना र अनलाइनबाट फिर्ता आएका लाखौं टन फेसनका सामान यसअघि युरोपेली कम्पनीहरुले नष्ट गर्ने गरेका थिए । अब २५० भन्दा बढी कर्मचारी र ५ करोड युरोभन्दा बढी वार्षिक कारोबार भएका ठूला कम्पनीहरूलाई कपडा, जुत्ता तथा अन्य फेसनका सामानहरू नष्ट गर्न निषेध गरिएको छ । केही निश्चित अवस्थाबाहेक कम्पनीहरूले ती सामग्रीहरु जलाउन, नस्ट गर्न वा ल्यान्डफिल साइडमा पठाउन पाउने छैनन् ।

यस नियमअनुसार कम्पनीहरूले अब छुट, वैकल्पिक बजार वा परोपकारी संस्थामार्फत त्यस्ता सामानहरू बिक्री, दान वा व्यवस्थापन गर्नुपर्नेछ । स्वास्थ्यका लागि हानिकारक, असुरक्षित, मर्मत गर्न नसकिने वा परोपकारी संस्थाले अस्वीकार गरेका अवस्थामा मात्रै सामग्रीहरु नस्ट गर्न पाइनेछ ।

त्यस्तै, कम्पनीहरूले आफूले फ्याँकेका सामानहरूको वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने र त्यसको अभिलेख पाँच वर्षसम्म सुरक्षित राख्नुपर्ने अनिवार्य नियम बनाइएको छ । सन् २०३० पछि मझौला आकारका कम्पनीहरुमा पनि यो नियम लागु हुनेछ ।

फेसन उद्योगमा देखिएको फोहोरको समस्या निकै ठूलो छ । युरोपेली वातावरण एजेन्सी (ईईए) का अनुसार युरोपमा मात्रै प्रत्येक वर्ष बिक्री नभएका करिब ४ देखि ९ प्रतिशत कपडाजन्य उत्पादनहरू नष्ट गरिन्छन् । त्यसमध्ये धेरैजसो सामग्री प्रयोगमा आउनुअघि नै नस्ट गरिएका हुन्छन् । एजेन्सीका अनुसार यसबाट वार्षिक अनुमानित २,६४,००० देखि ५,९४,००० टन बराबर फोहोर निस्कन्छ ।

अनलाइन किनमेल र सामग्री फिर्ता गर्ने प्रवृत्ति तीव्र रूपमा बढेका कारण यो समस्या अझ चुलिएको छ । ईयूभर अनलाइन अर्डर गरिएका फेसनसम्बन्धी सामानहरूमध्ये पाँचवटामा एउटा सामान फिर्ता हुने गरेको छ र त्यसलाई फेरि बिक्री वा प्रयोगमा ल्याउनुको साटो कम्पनीहरुले नष्ट गरिदिन्छन् । त्यस्तै, अनलाइन स्टोरमा थन्किएका कतिपय विलासी सामग्रीहरु पनि लामो समय बिक्री नभएपछि छुटमा लैजानुको साटो नस्ट गरिन्छन् ।

यी सबै कारणले गर्दा हरेक वर्ष सयौं हजार टन तयारी पोशाक, त्यसलाई तयार गर्न प्रयोग हुने कपडा, जुत्ताहरू नष्ट हुने गरेका छन् । लाखौं कपडा जलाउँदा हरितगृह ग्यासको उत्सर्जन घटाउने प्रयासमा बाधा पुगिरहेको छ, जसलाई कम गर्न यो नयाँ प्रतिबन्ध ल्याइएको हो ।

### जित्यो स्पेनले ...

गरेको थियो । स्पेनले फ्रान्सलाई २-० गोलअन्तरले हराउँदै फाइनलमा पुगेको थियो ।

गएको वर्ष २०२६ को वल्डकप विजेता अर्जेनटिना स्पेनसँगको फाईनलमा यसपटक भने निरिह जस्तै देखिएको थियो । दुवै तर्फका फुटवल महारथीहरुको प्रतिस्पर्धा निक्कै रोमाञ्चक भएपछि धेरैजसो बल पोजेशन स्पेनको पक्षमा देखिएको थियो । स्पेनले एउटा गरेको थियो त्यसलाई रेफ्रीले अफसाईट गोल भनेर दिएनन् । अर्को पनि गोल स्पेनले गरेको थियो । त्यो पनि स्पेनका खेलाडीले फउल गरेको भनेर रेफ्रीले नदिएपछि ९० मिनेटसम्म दुवैतर्फको गोल हुन सकेको थिएन ।

अन्ततः स्पेनका फेरान टोरेसले स्पेनको तर्फवाट गोल गर्दै इस्पेनले ईतिहास रचेको हो । स्पेनले आफ्नो जर्सीमा दुइवटा स्टार लेख्न सफल भएको छ ।

ईरोपियन राष्ट्रहरु फुटबल राम्रो खेल्ने गर्दछन् । त्यसमा पनि स्पेन राष्ट्रमा फुटबलको विकास पछिल्लो समय बढेर आएको देखिन्छ ।

नेपाल एसिया महादेशमा पर्दछ । एसियामा जहिलेपनि साउदी, जापान, जोर्डन, कोरिया, अष्ट्रेलिया कहिलेकाही चीन वल्ड कप खेल्न जाने गर्दछन् । फुटवल स्थापना भएदेखि २०२६ सम्म आईपुग्दा एसियाका राष्ट्रहरुले वल्डकप जित्न सकेका छैनन् ।

### प्रधानमन्त्रीको ...

अस्पष्टता हटाई, घाटा समायोजन गरेर मात्र कर लिने व्यवस्था मिलाउने, राष्ट्र बैंकले ब्रोकरहरू मार्फत मार्जिन लेन्डिङ सञ्चालन गर्न आवश्यक नियमहरू बनाइदिने लगायतका सुझाव दिएका छन् ।

कम्पनी सूचीकृत भएको दिन सो कम्पनीको कारोबार मूल्यमा सर्किट ब्रेकरको नियम लागुनहुने व्यवस्था र खातामा नभएको सेयर बिक्री गर्न पाउने व्यवस्था गर्न समेत लगानीकर्ताले प्रधानमन्त्री समक्ष अनुरोध गरेका थिए । दोस्रोबजारमा तरलता बढाउन 'ईन्ट्रा-डे कारोबार' सुचारु गर्नँपर्ने समेत लगानीकर्ताले माग गरेका छन् । अक्सन मार्केट, धितोपत्र ऋण सापटी र कारोबार भएको सेक्यूरीटीज्को खुद राफसाफ प्रणाली प्रणालीको विकास गर्नँ समेत लगानीकर्ताले आग्रह गरेका छन् ।

बैंक तथा वित्तिय संस्थाले धितोपत्र दलाल व्यवसायीलाई होलसेल प्रकृतीको ओभर ड्राफ्ट वा चालुपुँजी कर्जा दिन सक्ने नियमकिय ब्यवस्था गर्न लगानीकर्ताको अनुरोध छ । बैक वित्तिय संस्थाले धितोपत्रमा लागनी गरेपछि कम्तीमा ६ महिना बिक्री गर्न नपाउने व्यवस्था खारेज गर्नँ पर्ने र सेयर धितोको कर्जा पनि कुल कर्जाको न्यूनतम ५ प्रतिशत दिन पाउने व्यवस्था गर्ने लगानीकर्ताले सुझाएका छन् ।

धितोपत्र निसर्ग गर्दा घाटा समायोजन नगरी लाभमा मात्र कर तिर्ने बिद्ययमान ब्यवस्थामा आ.ब. २०८३/०८४ बजेटले पुँजीगत लाभकरको दर वृद्धि गरिएकोले नकारात्मक सन्देश गएको लगानीकर्ताको ठहर छ ।

बजार पुँजीकरण, सूचक एवं राजश्व सबै न्यून हुने अवस्था सृजना भएकाले लाभकर गणना बिधि परिमार्जन गरी नाफाघाटा समायोजन पछि खुद लाभ भएमा मात्र उल्लेखित दरको पुँजीगत लाभकार लिने व्यवस्था गर्ने समेत लगानीकर्ताको माग छ ।

नेपाल स्टक एक्सचेञ्जलाई रणनीतिक साझेदारसहित निजीकरणको गर्न समेत लगानीकर्ताले माग गरेका छन् ।

### विनियोजित बजेट...

रकमान्तर वा क्रियाकलाप संशोधन गर्न सकिने उल्लेख छ । तर यस्तो संशोधन गर्दा कार्यक्रमको उद्देश्य र क्षेत्र परिवर्तन गर्न नपाइने तथा राष्ट्रिय योजना आयोगको सिफारिसपछि मात्रै अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ ।

प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदानमार्फत हस्तान्तरण गरिएको रकम तोकिएको कार्यक्रम र उद्देश्यका लागि मात्र खर्च गर्नँपर्नेछ । स्थानीय तहले आयोजना कार्ययोजना, मासिक नगद प्रवाह विवरण तथा राजस्व-व्ययको अनुमान सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा समयमै बुझाउनुपर्ने व्यवस्था पनि मार्गदर्शनमा समेटिएको छ । यस्तै, भौतिक प्रगति र वित्तीय खर्चको विवरण तोकिएको समयसीमाभित्र अनिवार्य रूपमा पेश गर्नँपर्ने उल्लेख गरिएको छ ।

वैदेशिक सहायता वा ऋणबाट सञ्चालित आयोजनाका हकमा वित्तीय सम्झौता र कार्यान्वयन निर्देशिकाअनुसार काम गर्नँपर्ने व्यवस्था गरिएको छ । सम्झौताअनुसार प्रक्रिया पूरा नगरे दातृ निकायबाट शोधभर्ना प्राप्त नहुने भएकाले सम्बन्धित निकायलाई आवश्यक कागजात उपलब्ध गराउन र समयमै प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ ।

त्यसैगरी, खरिद प्रक्रिया सुरु गर्दा बहुवर्षीय दायित्व सिर्जना हुने आयोजनाहरू मध्यमकालीन खर्च संरचनाभित्र रहेर मात्रै अघि बढाउनुपर्ने व्यवस्था गरिएको छ । बजेट कार्यान्वयनका क्रममा वित्तीय जोखिम न्यूनीकरण, प्रभावकारी खर्च व्यवस्थापन तथा पूँजीगत खर्चमा सुधार गर्ने उद्देश्यसहित मार्गदर्शन जारी गरिएको अर्थ मन्त्रालयले जनाएको छ ।

### संगीत, खेलकुद...

पहिलो बैठकको एकघण्टा प्रश्नोत्तरको लागि निर्धारण गर्ने व्यवस्था नियमावलीमा छ । प्रश्नोत्तरको समय समाप्त भएपछि बैठकको कार्यसूची बमोजिमको अन्य कारवाही प्रारम्भ हुने भनिएको छ ।

प्रश्न सोध्न चाहने सांसदले प्रश्नसँग सम्बन्धित मन्त्री खुलाएर संसद् सचिवालयमा प्रश्न दर्ता गर्न सक्दछन् ।

प्रतिनिधिसभा नियमावलीको नियम ४३ अनुसार प्रश्न दुई किसिम हुन्छन् । एउटा मौखिक उत्तर दिने खालको प्रश्न र अर्को लिखित उत्तर दिने प्रश्न ।

कुनै अभिलेख, तथ्यांक आदि उल्लेख गरी दिनुपर्ने उत्तर लिखित रुपमा दिनु पर्नेछ ।

सांसद साम्पाङले भने मौखिक प्रश्न सोधेका हुन् । संसद् सचिवालयका अनुसार सम्बन्धित मन्त्रालयबाट जवाफ प्राप्त भएपछि प्रत्येक दिन मौखिक तथा लिखित उत्तरका निमित्त रहेका प्रश्नको छुट्टाछुट्टै सूची तयार गरिनेछ र त्यस्तो सूचीमा अस्वीकार नगरिएका सबै प्रश्न समावेश गरिनेछ ।

कुनै दिनको लागि प्रश्न सूचीमा मौखिक उत्तर दिनको निमित्त राखिएको कुनै प्रश्नको उत्तर दिन समयको अभावले गर्दा नभ्याइएमा सम्बन्धित मन्त्रीले उत्तरको एकप्रति टेबुल गर्ने व्यवस्था नियमावलीमै छ ।

तर उत्तर दिन नभ्याइएको कुनै प्रश्नको उत्तर दिनु सार्वजनिक हितको लागि आवश्यक छ भनी मन्त्रीले सभामुख समक्ष अनुरोध गरेमा प्रश्नको लागि निर्धारित समय समाप्त भएपछि पनि सभामुखले उत्तर दिने अनुमति दिन सक्नेछन् । त्यसपछि टेबुल गरिएको उत्तरको प्रति प्रश्नकर्ता सांसदलाई उपलब्ध गराइनेछ ।

### नेपाल औषधि...

स्वदेशी उत्पादनलाई प्राथमिकता दिइनेछ ।

यस समझदारीपछि सरकारी स्वास्थ्य संस्थाका लागि आवश्यक औषधिको खरिद स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र नेपाल औषधि लिमिटेडबीच संस्थागत र नियमित प्रणालीमार्फत हुने व्यवस्था गरिनेछ ।

यसबाट सरकारी खरिद प्रक्रिया थप प्रभावकारी बन्नुका साथै नेपाल औषधि लिमिटेडबाट उत्पादित औषधिको सुनिश्चित उपयोग र बजार विस्तारमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## परदेशको माटोबाट नेपाली मन रुवाउने सुरेश अञ्जानको
# “लौननी यस्तो भएँ म किन” सार्वजनिक

काठमाडौं- नेपाली लोकदोहोरी संगीतमा मौलिकता, भावना र सिर्जनशीलताको सुन्दर संयोजन प्रस्तुत गर्दै आएका गायक तथा सर्जक सुरेश अञ्जन नयाँ गीत“ लौननी यस्तो भएँ म किन ?” लिएर दर्शक तथा श्रोतामाझ आएका छन् ।

सार्वजनिक भएको केही समयमै गीतले युट्युब र सामाजिक सञ्जालमा सकारात्मक प्रतिक्रिया बटुल्दै चर्चा कमाउन सफल भएको छ । प्रेम, बिछोड, परदेशको पीडा, सम्झना र जीवनका अनगिन्ती भावनालाई अत्यन्त मार्मिक ढंगले प्रस्तुत गरिएको यस गीतले सुन्ने जो-कोहीको मन छुने प्रयास गरेको छ । गीतका शब्दहरूमा लुकेको पीडा, मिठास र यथार्थले धेरैलाई आफ्नै जीवनका अधुरा कथा सम्झाइदिएको प्रतिक्रिया सामाजिक सञ्जालमा देखिन थालेको छ ।

गीतमा सुरेश अञ्जान र चर्चित गायिका अञ्जिता विश्वकर्माको सुमधुर स्वर रहेको छ भने गीतका शब्द तथा संगीत स्वयं सुरेश अञ्जनले सिर्जना गरेका हुन् । लोकभाकाको मौलिक स्वादलाई आधुनिक संगीतको संयोजनसँग सन्तुलित रूपमा प्रस्तुत गरिएको यो गीतमा संगीत संयोजन शिवा कनौजे मगरले गरेका छन् । गीतको ध्वनि पक्षलाई उत्कृष्ट बनाउन बिमल छिनालले मिक्सिङ तथा मास्टरिङ गरेका छन् भने रोजित महर्जनको रेकर्डिङ र डाइनामिक स्टुडियोको प्राविधिक सहयोगले गीतलाई उच्चस्तरीय श्रवण अनुभव प्रदान गरेको छ ।

यो गीत *"Suresh Anjan Official 2026"* युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो भने गीतको छायांकन अफ्रिकाको नाईजेरियामा गरिएको हो ।

अडियो संगै यो गीतको भिडियो पनि उत्तिकै आकर्षक र भव्य बनेको छ । भिडियोका




निर्माता सुरेश अञ्जन हुन् भने निर्देशन तथा कोरियोग्राफी अनुष्का घर्ती क्षेत्रीले गरेकी हुन् ।

भिडियोमा अनुष्का घर्ती क्षेत्री, धुर्बे, विष्णु गिरी तथा आइशात सनुसीको अभिनय रहेको छ । कलाकारहरूको स्वाभाविक अभिनय र गीतअनुसारको भावाभिव्यक्तिले भिडियोलाई अझ प्रभावशाली बनाएको छ ।

यस भिडियोको अर्को विशेषता भनेको नेपाल र नाइजेरियाका कलाकारहरूको संयुक्त सहभागिता हो । नृत्यमा ओलायिन्का बाबाटुन्डे, वालिउ अडेटोये, अडेबिसी, इम्यानुएल, ओक्पान मिराकल हान्नाह, आयोमिडे अडे, चिकान्गोजी, जोय तथा नेपाली कलाकार गणेश थापाको आकर्षक प्रस्तुति रहेको छ । यसले नेपाली लोकगीतलाई अन्तर्राष्ट्रिय परिवेशमा प्रस्तुत गर्ने नयाँ प्रयासका रूपमा समेत चर्चा पाएको छ ।

भिडियोको छायांकन टीजे ओलादेजोले गरेका हुन् भने सम्पादन तथा कलर ग्रेडिङ राजकुमार मगरले गरेका छन् भने पोस्टर डिजाइन एसडी हाउसले तयार गरेको हो । मेकअप अलारा ग्लाम सिग्नेचर्स, लिप्सिङ क्यामेरा सुरेश बोहरा, लोकेसन तथा टिम व्यवस्थापन नुरियत आयोडेजी र पोस्ट प्रोडक्सन राजकुमार फिल्म्सले सम्हालेका हुन् ।

यस सांगीतिक परियोजनालाई सफल बनाउन साहित्यकार हरि गिरी बिमर्शी, रञ्जित पौडेल, तेजश रेग्मी, मन जीसी, नाइजेरियन नागरिकहरु , गणेश थापा, सुजिता थापा, सुनिल भुसाल, शिव गिरी, सुरेश बोहरा, दुर्गा गिरी (सयपत्री गेष्ट हाउस), शिव गिरी (सयपत्री गेष्ट हाउस), सौगात साउद, मिलन नाथ, मेनुका सोनी, कृष्ण पौडेल तथा शर्मिला पौडेललगायको विशेष सहयोग रहेको निर्माता सुरेश अन्जानले बताएकाछन् ।

सार्वजनिक भएदेखि नै “लौननी यस्तो भएँ म किन ?” ले सकारात्मक प्रतिक्रिया बटुलिरहेको छ । सार्वजनिक भएको एक सातामै यो गीतले युट्युबमा करिब १५ लाख दर्शकको माया पाएको छ भने टिकटकमा ट्रेडिङ १ मा पर्न सफल भएको छ । युट्युब र टिकटकमा लाखौं दर्शकको रोजाईमा परेको यो गीतको भाव, शब्द, संगीत, गायन, भिडियो निर्माण, छायांकन र नेपाल-नाइजेरियाको सांस्कृतिक सहकार्यलाई दर्शकले विशेष रुचाएका छन् । नेपाली लोकसंगीतलाई अन्तर ाष्ट्रिय परिवेशसँग जोड्ने प्रयासका रूपमा समेत यो गीतलाई हेरिएको छ ।

भावनाले भरिएको शब्द, आत्मालाई छुने संगीत, उत्कृष्ट भिडियो निर्माण र नेपाली मौलिकतालाई विश्वमञ्चसँग जोड्ने प्रस्तुति भएकाले “लौननी यस्तो भएँ म किन ?” यस वर्षको चर्चित लोकदोहोरी गीतमध्ये एक बन्ने अपेक्षा गरिएको छ ।

# प्युठानका जोगेन्द्र विश्वकर्माको नयाँ तीज गीत सार्वजनिक




काठमाडौं । लोकगायक तथा अभिनेता जोगेन्द्र विश्वकर्माको नयाँ तीज गीत सार्वजनिक भएको छ । परम्परा, मौलिकता र सामाजिक यथार्थलाई समेटेर तयार गरिएको गीत शुक्रबार उनको आफ्नै युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

प्युठान नगरपालिका-९, मरन्ठाना गुरिगाउँका विश्वकर्माले पछिल्लो समय तीज गीतमा बढ्दो आधुनिकताको प्रभावबीच मौलिक संस्कृति र परम्परालाई जोगाउने उद्देश्यले नयाँ सिर्जना ल्याएको बताए । उनका अनुसार गीतले मनोरञ्जनसँगै नेपाली समाज, संस्कृति र संस्कारलाई पनि उजागर गर्ने प्रयास गरेको छ ।

लोकगायन र अभिनय दुवै क्षेत्रमा सक्रिय विश्वकर्माले थुप्रै लोक तथा आधुनिक गीतमा स्वर दिइसकेका छन् भने विभिन्न म्युजिक भिडियोमा अभिनयसमेत गरेका छन् । उनले आगामी दिनमा पनि मौलिक र सामाजिक विषयवस्तुमा आधारित सिर्जनालाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# यादव कार्कीको नयाँ गीत “तिमीले छोडेपछि” सार्वजनिक

काठमाडौं । नेपाली गीत-संगीत क्षेत्रमा उदाउँदै गरेका मोडल यादव कार्की र चेतना काफ्लेको अभिनय रहेको नयाँ गीत “तिमीले छोडेपछि” सार्वजनिक गरिएको छ । उक्त गीत दामी क्रियसन युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

गीतमा विक्रम मणि कार्कीको शब्द, उमंग लामाको संगीत तथा अमर मेवाहाङको स्वर रहेको छ । गीतको निर्देशन चर्चित निर्देशक दिनेश कार्कीले गरेका हुन् । छायांकन अनिल पराजुली र सम्पादन सनम तामाङले गरेका छन् ।



गीतको भिडियोमा यादव कार्की, चेतना काफ्ले र गणेश क्षेत्रीको आकर्षक अभिनय देख्न सकिन्छ । प्रेम, बिछोड र दुई जोडीबीचको माया-प्रीतिको भावलाई गीतले मार्मिक रूपमा प्रस्तुत गरेको छ ।

# कुश्मामा खिचिँदै ‘सिन्दुरे जात्रा’



काठमाडौं- अभिनेता विजय बराल डेढ महिनापछि फिल्म छायांकनमा फर्किएका छन् । गत जेठमा फिल्म ‘सिन्दुरे जात्रा’को छायांकनको क्रममा घोडाबाट लड्दा उनको दाहिने हात भाँचिएको थियो । यसपछि फिल्मको पूर्ण रूपमा छायांकन रोकियो । अघिल्लो साता विजयले हातको ब्यान्डेज हटाएपछि फिल्मको छायांकन पुनः सुरु गरिएको हो ।

विजय निको भएसँगै दुई साताअघिदेखि बाँकी छायांकन थालिएको निर्देशक सरोज पौडेलले जानकारी दिए । उनका अनुसार यतिबेला पर्वत जिल्लाको कुश्मा नगरपालिका-१४ स्थित आर्थर डाँडाखर्क गाउँमा फिल्मको छायांकन भइरहेको छ । छायांकन रोकिएको समयमा फिल्मलाई थप कसरी राम्रोसँग खिच्नेबारे व्यापक छलफल र पूर्वतयारी गरिएको उनले बताए ।

‘सिन्दुरे जात्रा’मा विजयको जोडी अञ्जना बराइलीसँग बाँधिएको छ । यो उनीहरूको दोस्रो सहकार्य हो । यसअघि उनीहरूले ‘पूर्णबहादुरको सारङ्गी’मा जोडी भएर काम गरेका थिए । फिल्ममा विजय र अञ्जनासहित उषा खड्गी, कमलमणि नेपाल, लोकेन्द्र लेखक, भोलाराज सापकोटा, विनोद न्यौपानेलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ ।

आगामी मंसिर ४ गते प्रदर्शन हुन लागेको फिल्मका कार्यकारी निर्माता दिनेश खड्का हुन् भने आकाश, सुमन रञ्जित र श्याम मगर सह-निर्मातामा छन् । बाबु श्रेष्ठले फिल्मको छायांकन गरिरहेका छन् । यसमा नहकुल खड्काको सम्पादन तथा प्रशान्त सिवाकोटी, रिदम कँडेल र नन्दु परियारको संगीत रहनेछ । फिल्मले एउटी महिलाको मौन पीडा र संघर्ष उजागर गर्ने जनाइएको छ ।

# फिल्म ‘बम्पर चिठ्ठा’ बन्ने

२०८१ सालमा प्रदर्शन भएको एक्सन फिल्म ‘आउट ल’को निर्माण समूहले नयाँ फिल्म घोषणा गरेको छ । यो समूहले आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच थिम पोस्टर सार्वजनिक गर्दै फिल्म ‘बम्पर चिठ्ठा’ निर्माण गर्ने जानकारी दिएको हो । फिल्मको निर्देशन बिक्की महर्जनले गर्नेछन् भने लगानी अमित अग्रहरी र निशा गुइदेको रहनेछ ।

सार्वजनिक थिम पोस्टरले नेपालको सांस्कृतिक सम्पदा र रहस्यमय वातावरणको झल्को दिएको छ । प्राचीन मन्दिरका दृश्यले कथाप्रति उत्सुकता जगाउने प्रयास गरेको छ ।

पोस्टरले फिल्मको कथावस्तुबारे धेरै कुरा नखुलाए पनि नेपाली संस्कृति र मानवीय सम्बन्धलाई रोचक शैलीमा प्रस्तुत गरिने संकेत भने स्पष्ट रूपमा दिएको छ ।

स्याडो पिक्चर्सको ब्यानरमा बन्न लागेको यो फिल्म नेपाली, हिन्दी, तेलुगु र फ्रेन्च (फ्रान्सेली) गरी चार भाषामा निर्माण हुनेछ । फिल्मलाई विश्वव्यापी रूपमा अमेजन प्राइम भिडियोमार्फत प्रदर्शन गरिने जनाइएको छ ।

# ‘टक्सिक’को डरले नेपाली फिल्मको भागाभाग



काठमाडौं- नेपालमा दक्षिण भारतीय फिल्मको प्रभाव बढ्दो छ । ‘बाहुबली’, ‘केजीएफ’, ‘पुष्पा’ जस्ता फिल्मले नेपालमा गरेको व्यापार त्यसकै प्रमाण हो । यसैले कुनै बेला बलिउड फिल्मदेखि भाग्ने गरेका नेपाली निर्माताहरूमा पछिल्लो समय साउथ फिल्मको डर बढेको छ । यसको ताजा उदाहरण हो, ‘टक्सिक’ । यो फिल्मका कारण यतिबेला नेपाली फिल्मको भागाभाग भएको छ ।

‘केजीएफ’ स्टार यशको मुख्य भूमिका रहेको ‘टक्सिक’ १० भदौ (२६ अगस्ट)मा रिलिज हुँदैछ । यो फिल्मले प्रदर्शन मिति घोषणा गर्नअघि नै ५ नेपाली फिल्मले जनै पूर्णिमालाई लक्षित गर्दै भदौ १२ गतेलाई प्रदर्शन मिति तय गरेका थिए । त्यसमा ‘पार्वती’, ‘मास्टर्नी’, ‘जदौ’, ‘बेहुली’ र ‘ग्रेट’ थिए । तर, अब यी ५ फिल्ममा ४ फिल्म लाखापाखा लागेका छन् ।

‘टक्सिक’को डरले सबैभन्दा पहिला ‘मास्टर्नी’ सऱ्यो । यो फिल्म एक साताअघि सर्दै भदौ ५ मा रिलिज हुँदैछ । त्यसपछि ‘बेहुली’ले भदौ २६ लाई नयाँ प्रदर्शन मिति घोषणा गऱ्यो । शुक्रबार ‘जदौ’ले पनि पहिलो गीत ‘जदौ हजुर...’ सार्वजनिक गर्दै असोज ९ गतेलाई प्रदर्शन मिति तय गरेको छ । अर्को फिल्म ‘ग्रेट’ पनि भदौ १२ मा नआउने निश्चित भइसकेको निकट स्रोतको दाबी छ ।

अब ‘टक्सिक’सँग नीता ढुंगानाको निर्देशनमा बनेको फिल्म ‘पार्वती’ मात्र भिड्ने भएको छ । नीताले निर्धारित मितिमै फिल्म प्रदर्शन हुने स्पष्ट पारिसकेकी छन् । उनलाई ‘टक्सिक’को डरभन्दा ज्यादा आफ्नो फिल्मप्रति विश्वास बढी देखिन्छ । यसैले अरु फिल्म लाखापाखा लागे पनि उनी भदौ १२ को मिति नछाड्ने निर्णयमा अडिग भएर बसेकी छन् ।

तर, ‘पार्वती’लाई ‘टक्सिक’सँगको प्रतिस्पर्धा सहज भने हुने छैन । किनकि, ‘टक्सिक’ नेपालमा ठूलो प्रतीक्षा गरिएको फिल्म हो । त्यसैले यसको ओपनिङ आक्रामक हुनेमा दुईमत छैन । फिल्मलाई प्रतिक्रिया पनि राम्रो मिलेको खण्डमा त्यसको प्रत्यक्ष असर दुई दिनपछि आउने ‘पार्वती’लाई पर्नेछ । यद्यपि, नेपालमा धेरैपटक विदेशी फिल्ममाथि नेपाली फिल्म हाबी भएका नजिर पनि छन् ।

# ‘मन बिनाको धन २’मा जोडिइन् गौरी




काठमाडौं- संगीतकार तथा गायक टंक बुढाथोकीको निर्देशनमा बन्न लागेको फिल्म ‘मन बिनाको धन २’मा कलाकारहरू भित्रिने क्रम अझै जारी छ । सरोज खनाल, विपिन कार्की, पूजा शर्मा, महेश त्रिपाठी, प्रकाश घिमिरे र किरण केसी अनुबन्धित भइसकेको फिल्ममा अब अभिनेत्री गौरी मल्लको प्रवेश भएको छ । उनीसँग आइतबार निर्माण पक्षले लिखित सम्झौता गरेको हो ।

फिल्ममा गौरीको भूमिका र जोडीबारे कुनै जानकारी गराइएको छैन । तर, फिल्म निकट स्रोतका अनुसार उनी सरोज खनालको जोडी भएर देखिनेछिन् । यसअघि उनीहरूले ‘महामाया’, ‘चोट’, ‘तपस्या’, ‘सम्हालिन्छ कहिले मन’ र ‘सुब्बा साब’ जस्ता फिल्ममा एकसाथ काम गरिसकेका छन् । उनीहरू चार वर्षपछि फेरि एउटै फिल्ममा देखिन लागेका हुन् ।

टंक बुढाथोकी प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्मको कथा टंक स्वयंको हो भने पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका छन् ।

फिल्मका गीतमा टंक स्वयंको संगीत रहनेछ । आगामी भदौ पहिलो साताबाट छायांकन सुरु गर्न लागिएको फिल्ममा विष्णु माया मैनाली निर्माताको रूपमा छिन् । फिल्मको छायांकन काठमाडौं उपत्यका र मुस्ताङमा गरिनेछ ।


‘मन बिनाको धन’ संगीतकार बुढाथोकीको चर्चित गीतमध्ये एक हो । ७ वर्षअघि रिलिज भएको यस गीतलाई अहिलेसम्म युट्युबमा तीन करोडभन्दा बढी पटक हेरिसकिएको छ ।

यो बाल गायक अशोक दर्जीको पहिलो गीत समेत हो । यही नामको फिल्ममा पनि अशोक मुख्य भूमिकामा थिए । यसको दोस्रो भागमा भने उनको अभिनय रहने वा नरहनेबारे निर्माण पक्षले खुलाएको छैन ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१९, अंक- १,
२०८३ साल साउन ५ गते मंगलबार
21 JULY 2026, TUESDAY

# जिडब्लुएमको ‘ड्रागन आर्मर ब्याट्री’ले विद्युतीय सवारी सुरक्षामा नयाँ मापदण्ड स्थापित गर्दै

काठमाडौं- विश्वभर विद्युतीय सवारीसाधनको प्रयोग बढ्दै जाँदा ब्याट्रीको सुरक्षा, कार्यक्षमता र विश्वसनीयता ग्राहकहरूको सबैभन्दा ठूलो प्राथमिकता बन्न थालेको छ । धेरैजसो अटोमोबाइल कम्पनीहरूले तेस्रो पक्षबाट ब्याट्री खरिद गर्ने भए पनि जिडब्लुएम विश्वका थोरै अटोमोबाइल उत्पादकमध्ये एक हो ।जसले आफ्नै भगिनी कम्पनी एसभोल्ट इनर्जी मार्फत ब्याट्रीको अनुसन्धान, विकास र उत्पादन गर्दै आएको छ ।






यही कारण जिडब्लुएमले आफ्नो ब्याट्री प्रविधिको गुणस्तर, सुरक्षा र विश्वसनीयतामाथि पूर्ण नियन्त्रण कायम गर्न सफल भएको छ । नेपालमा हालै सार्वजनिक भएको जिडब्लुएम ओरा ५ इभी एसयुभीमा प्रयोग गरिएको ड्रागन आर्मर ब्याट्री पनि जिडब्लुएम अन्तर्गतको अत्याधुनिक ब्याट्री निर्माता कम्पनी एसभोल्टले विकास तथा उत्पादन गरेको हो । वर्षौंको अनुसन्धान र प्रविधि विकासपछि तयार गरिएको यो ब्याट्रीले आगो र पानी प्रतिरोधी उच्च सुरक्षा, लामो ड्राइभिङ रेन्ज, फास्ट चार्जिङ क्षमता तथा उत्कृष्ट कार्यसम्पादनलाई एउटै प्लेटफर्ममा समेटेको छ । ड्रागन आर्मरु नाम रहनुको कारण यसको विशेष आन्तरिक संरचना हो । ब्याट्रीभित्र रहेका सेलहरू ड्रागनको खप्टाजस्तै तह-तहमा मिलाएर राखिएका छन् ।

यसले विशेष प्रकारको डाउनवर्ड भेन्टिङ प्रणाली निर्माण गर्छ, जसले कुनै असामान्य अवस्थामा ताप वा आगो उत्पन्न भए पनि त्यसलाई यात्रु बस्ने क्याबिनतर्फ फैलिन नदिई तलतर्फ बाहिर निकाल्ने कार्य गर्छ। यसै कारण यो संरचनाले यात्रुहरूको सुरक्षाका लागि थप सुरक्षात्मक कवचका रूपमा काम गर्छ ।

# दुग्ध उत्पादकलाई डीडीसीको ‘डेडलाइन’ : साउनभित्र सम्पर्क नगरे दूध नकिन्ने

काठमाडौं- सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी) ले दूध संकलन प्रणालीलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउन नयाँ व्यवस्था लागू गरेको छ । संस्थानले दूध आपूर्ति गर्ने सबै सहकारी संस्था तथा निजी फार्मलाई साउन मसान्तभित्र अनिवार्य रूपमा सम्पर्क गरी नवीकरण प्रक्रिया पूरा गर्न निर्देशन दिएको छ ।




डीडीसी केन्द्रीय कार्यालय लैनचौरले सूचना जारी गर्दै चालु आर्थिक वर्ष २०८३/८४ देखि दूध संकलन प्रणालीलाई थप दिगो, अनुमानयोग्य र व्यवस्थित बनाउने उद्देश्यले नयाँ नीति लागू गरिएको जनाएको छ ।

संस्थानका अनुसार डीडीसीसँग निरन्तर दूध कारोबार गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्था तथा निजी फार्महरूले साउन मसान्तभित्र सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुपर्नेछ । तोकिएको समयसीमाभित्र सम्पर्कमा नआउने संस्था तथा फार्मबाट दूध खरिद गर्न डीडीसी बाध्य नहुने स्पष्ट पारिएको छ ।

डीडीसीले जारी गरेको सूचनामा भनिएको छ, “२०८३ साउन मसान्तसम्म सम्पर्कमा नआउने संस्था तथा फार्मसँग दूध कारोबार गर्न संस्थान बाध्य नहुने जानकारी गराइन्छ ।” यससँगै साउनपछि सम्पर्क नगर्ने उत्पादकको दूध संकलन रोक्न सकिने संकेत गरिएको छ ।

डीडीसीसँग आफ्नो कारोबार निरन्तर राख्न चाहने सहकारी संस्था तथा निजी फार्महरूले आफूलाई पायक पर्ने डीडीसीका जिल्ला आयोजना कार्यालय वा चिस्यान केन्द्र (चिलिङ सेन्टर) मा सम्पर्क गरी आवश्यक प्रक्रिया पूरा गर्नुपर्नेछ ।

दूध संकलन प्रणालीलाई प्रभावकारी बनाउन, किसान र संस्थानबीचको कारोबारलाई व्यवस्थित गर्न तथा आपूर्ति व्यवस्थापनमा सुधार ल्याउन यस्तो व्यवस्था गरिएको डीडीसीले जनाएको छ ।

५७ वर्षदेखि दुग्ध क्षेत्रमा काम गर्दै आएको डीडीसीले देशभरका किसान, सहकारी संस्था तथा निजी फार्मबाट दूध संकलन गर्दै आएको छ । नयाँ व्यवस्थाले दूध संकलन प्रक्रियामा पारदर्शिता ल्याउने, वास्तविक उत्पादकको पहिचान गर्न सहयोग गर्ने र दीर्घकालीन रूपमा दुग्ध क्षेत्रलाई व्यवस्थित बनाउने अपेक्षा गरिएको छ ।

# ९ किलोमिटर लामो हाइड्रोजनमा आधारित रेल भारतमा सञ्चालन



काठमाडौं। भारतले आफ्नै देशमा विकास गरिएको हाइड्रोजन प्रविधिमा आधारित पहिलो रेल सेवाको औपचारिक शुभारम्भ गरेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गरेको उक्त रेल हरियाणाको जीन्ददेखि सोनीपतसम्मको ८९ किलोमिटर रेलमार्गमा सञ्चालन हुनेछ ।

स्वदेशी प्रविधिबाट विकसित यो हाइड्रोजन रेलले पेट्रोलियम इन्धनमा निर्भरता घटाउँदै हरित ऊर्जा र स्वच्छ यातायात प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । हाइड्रोजन इन्धन प्रयोग गर्ने रेलबाट कार्बन उत्सर्जन न्यून हुने भएकाले यसलाई वातावरणमैत्री सार्वजनिक यातायातको महत्वपूर्ण विकल्पका रूपमा हेरिएको छ ।

यससँगै भारत हाइड्रोजन रेल सञ्चालन गर्ने विश्वका पाँच अग्रणी देशहरूको समूहमा समावेश भएको छ । यो उपलब्धिलाई भारतको रेल प्रविधि, हरित ऊर्जा र दिगो पूर्वाधार विकासतर्फको महत्वपूर्ण फड्कोको रूपमा लिइएको छ ।

# शुक्रबारदेखि प्रदेशहरूले दिए कर र जरिवानामा छुट

शुक्रबारदेखि प्रदेशहरूले दिए कर र जरिवानामा छुट, राइड सेयरिङ पनि दायरामा

काठमाडौं । नयाँ आर्थिक वर्ष २०८३/८४ को सुरुवातसँगै प्रदेश सरकारहरूले सवारीधनीहरूलाई लक्षित गर्दै विभिन्न शीर्षकमा विशेष कर तथा जरिवाना छुटका सुविधाहरू कार्यान्वयनमा ल्याएका छन् ।

लामो समयदेखि सवारी कर नतिरेका, नवीकरण नगरेका तथा लगत कट्टा नगरेका सवारीधनीहरूलाई लक्षित गरी ल्याइएका यी अफरहरूले एकातिर सवारीधनीलाई चर्को जरिवानाबाट जोगाउनेछन् भने अर्कोतिर सरकारको बक्यौता राजस्व असुलीमा मद्दत पुग्ने जनाइएको छ । छुटको प्रतिशत र समयावधि भने प्रदेशअनुसार फरक-फरक तय गरिएको छ ।

यसअन्तर्गत सवारी कर तथा नवीकरणतर्फ लुम्बिनी प्रदेशले आगामी पुस मसान्तसम्म कर बुझाएर नवीकरण गर्न आउनेलाई कुल जरिवानामा ५० प्रतिशत छुट दिएको छ भने सुदूरपश्चिम प्रदेशले ५ वर्ष वा सोभन्दा बढी समयदेखि कर नतिरेका सवारीका लागि कर तथा नवीकरण जरिवानामा शतप्रतिशत छुटको व्यवस्था गरेको छ । त्यस्तै, दर्ता खारेजी (लगत कट्टा) तर्फ कोशी प्रदेशले ५ वर्षभन्दा बढीको कर बाँकी रहेका सवारीधनीले पछिल्लो एक आर्थिक वर्षको मात्रै कर तिरेमा बाँकी सबै कर र जरिवाना मिनाहा गर्ने भएको छ । मधेश प्रदेशले २०८२ भदौको आन्दोलनमा क्षति पुगी सञ्चालन अयोग्य भएका सवारीको दर्ता खारेज गर्न असोज मसान्तभित्र निवेदन दिएमा आर्थिक वर्ष २०८२/८३ को सवारी कर पूर्ण रूपमा मिनाहा गर्ने निर्णय गरेको छ।

बागमती प्रदेशले पनि २० वर्ष वा सोभन्दा पुराना सार्वजनिक सवारी साधन पत्रु गराउने प्रयोजनका लागि आगामी पुस मसान्तसम्म नवीकरण दस्तुर बुझाएमा लाग्ने जरिवानामा शतप्रतिशत छुट दिएर लगत कट्टा गर्ने सुविधा ल्याएको छ ।

यसैगरी, गण्डकी प्रदेशले गत भदौमा तोडफोड र आगजनीबाट नष्ट भएका सवारी साधनहरूको आगामी वैशाख मसान्तभित्र लगत कट्टा गर्न आएमा दुई आर्थिक वर्षको सवारी कर, नवीकरण शुल्क र जरिवाना पूर्ण छुट दिने भएको छ ।

साथै लामो समयदेखि कर नतिरेका सवारीका हकमा आर्थिक वर्ष २०८०/८१ देखिको मात्र कर र नवीकरण शुल्क लिई अन्य जरिवाना मिनाहा गरेर लगत कट्टा गर्ने व्यवस्था पनि गण्डकीले गरेको छ । लुम्बिनी प्रदेशले २० वर्ष नियमित कर बुझाएका तर हाल सञ्चालनमा नरहेका निजी सवारी साधनको लगत कट्टा गर्न पछिल्लो दुई वर्षको कर बुझाएमा बाँकी अवधि र जरिवाना मिनाहा गर्ने नीति लिएको छ भने कर्णाली प्रदेशले भौतिक अस्तित्व नरहेका वा काम नलाग्ने सवारीको हकमा पछिल्लो तीन आर्थिक वर्षको कर र नवीकरण दस्तुर बुझाएमा जरिवाना विना नै लगत कट्टा गर्ने सुविधा दिएको छ । दर्ता र खारेजीबाहेक अन्य सहुलियततर्फ कोशी प्रदेशले १४ वा सोभन्दा बढी सिट क्षमता भएका भाडाका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई सहुलियत दरमा यात्रा गराएबापत सवारी करमा ६० प्रतिशत छुट दिने भएको छ । साथै कोशी प्रदेश भ्रमण वर्षलाई लक्षित गर्दै सीमा क्षेत्रबाट पर्यटक मात्र बोकी पर्यटकीय गन्तव्यसम्म प्रत्यक्ष सेवा दिने सवारी साधनलाई सवारी करमा पूर्ण छुट दिइएको छ । बागमती प्रदेशले यातायात व्यवस्थासँग सम्बन्धित दर्ता नभएका वा नवीकरण छुटेका प्रशिक्षण केन्द्र, वर्कसप, र रिकण्डिसन हाउस जस्ता व्यवसायहरूलाई आगामी पुस मसान्तसम्म पछिल्लो अवधिको दस्तुर बुझाएमा अघिल्लो अवधिको दस्तुर तथा जरिवानामा शतप्रतिशत छुट दिएको छ। कर्णाली प्रदेशले भने सवारीधनीले एकमुष्ट ५ वर्षको अग्रिम सवारी कर भुक्तानी गरेमा कुल करमा २० प्रतिशत छुट दिने आकर्षक योजना ल्याएको छ ।

यसैबीच, सरकारले राइड सेयरिङ सेवालाई पनि औपचारिक रूपमा करको दायरामा समेटेको छ। अबदेखि राइड सेयरिङ सेवामा ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) र १ प्रतिशत अग्रिम कर कट्टी (टीडीएस) लाग्नेछ । हाल कायम १३ प्रतिशत भ्याट दर अनुसार प्लेटफर्महरूले आफ्नो आम्दानीको १३ प्रतिशत भ्याट बुझाउँदै आएकोमा अब उनीहरूले सोही १३ प्रतिशत भ्याट सँगसँगै राइडबाट हुने आम्दानीको थप ५ प्रतिशत भ्याट र १ प्रतिशत टीडीएस सरकारलाई बुझाउनुपर्ने गरी नयाँ नियम लागू भएको छ ।

# स्याङ्जामा सवारी कारबाहीबाट एक करोड १५ लाख ३० हजार रुपैयाँ राजस्व संकलन

स्याङ्जा । जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले एक वर्षमा ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधनमाथि कारबाही गर्दा एक करोड १५ लाख ३० हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

कार्यालयको वार्षिक प्रगति विवरणअनुसार गत आर्थिक वर्ष २०८२/८३ मा जिल्लाभर विभिन्न प्रकारका १३ हजार ५५१ सवारीसाधन कारबाहीमा परेका छन् । ती कारबाहीबाट एक करोड १५ लाख ३० हजार रुपैयाँ राजस्व संकलन भएको हो ।

सबैभन्दा धेरै ४ हजार ६१४ मोटरसाइकल चालक कारबाहीमा परेका छन्। त्यसपछि कार तथा जिप ३ हजार ३२६, ट्रक र टिपर २ हजार २५५, बस १ हजार ५४०, ट्याक्टर ९१२ र अन्य ९४२ सवारीसाधनका चालक कारबाहीमा परेका छन् ।

आर्थिक वर्षको तथ्यांक हेर्दा जेठ महिनामा सबैभन्दा धेरै कारबाही गरिएको छ । जेठ महिनामा मात्रै १ हजार ५०२ सवारीसाधनका चालक कारबाहीमा परेका छन् । त्यसबाट १२ लाख २७ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ ।

तथ्यांकले ट्राफिक कारबाहीसँगै राजस्व संकलनमा पनि घट्दो प्रवृत्ति देखाएको छ । आर्थिक वर्ष २०८१/८२ मा १९ हजार २८९ सवारीसाधनका चालक कारबाहीमा परेका थिए भने त्यसबाट १ करोड ४१ लाख ५३ हजार ५०० रुपैयाँ राजस्व संकलन भएको थियो । त्यसभन्दा अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा १४ हजार ६१० सवारीसाधनका चालकमाथि कारबाही हुँदा १ करोड १० लाख ९७ हजार रुपैयाँ राजस्व उठेको थियो ।

यस वर्ष भने कारबाहीमा परेका सवारीसाधन चालकको संख्या र त्यसबाट उठेको राजस्व दुवै घटेका छन् । यही कारण पछिल्ला तीन आर्थिक वर्षको तुलना गर्दा जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले यस वर्ष केही हदसम्म कम राजस्व संकलन गरेको देखिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाका प्रमुख प्रहरी नायब निरीक्षक नरेन्द्रबहादुर शाहीले जेनजी आन्दोलन र प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण केही समय नियमित ट्राफिक कारबाही प्रभावित भएकाले त्यसको असर कारबाही र राजस्व संकलनको तथ्यांकमा पनि देखिएको बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार सवारी दुर्घटना न्यूनीकरणलाई प्राथमिकतामा राखेर नियमित चेकजाँच, सवारी सचेतना तथा नियम उल्लंघन गर्ने सवारीमाथि कारबाहीलाई निरन्तरता दिइएको छ ।

यस्तै, आर्थिक वर्ष २०८२/८३ मा जिल्लाभर २० वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा ९ जनाको मृत्यु, २४ जना गम्भीर घाइते र २३ जना सामान्य घाइते भएका छन् ।

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं ।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार